# नेपाली भाषामा प्रकाशित पत्रपत्रिकाहरूको विवरणात्मक अध्ययन
# (वि.सं. २००८–२०१३)

- दीपक अर्याल

Draft

यस अध्ययन[1]को प्रारम्भिक प्रतिवेदनमा २००८ सालदेखि २०१३ सालसम्म नेपालभित्र र बाहिरबाट प्रकाशित केही पत्रपत्रिकाहरूको विवरणात्मक परिचय तथा पत्रपत्रिकाहरूमा समावेश/प्रकाशित हुने गरेका विषयवस्तुहरूको अध्ययनका आधारमा तत्कालिन समयमा देखिएका खास रूझानका वारेमा पनि चर्चा गरिएको छ।

यस अध्ययनले नेपालभित्र र बाहिरबाट नेपाली भाषामा प्रकाशित पत्रपत्रिकाहरूको विवरण तयार पार्दै पत्रपत्रिकाको नाम, प्रकाशक, प्रकाशन मिति, बन्द भएको खण्डमा बन्द भएको मिति (नियमितता), सम्पादक/प्रकाशको जानकारी, मुद्रक, प्रकाशित भएको स्थान, प्रकाशकको ठेगाना, विषयगत विवरण, पत्रिकाले समेटेका विषयवस्तुहरू तथा पत्रपत्रिकाहरूमा देखिएका खास विशेषता र रूझानहरूको चर्चा गरेकोछ। अध्ययन मुख्यत: यी दुई उद्देश्यहरूका वरिपरि केन्द्रित रहेको छ।

यस अध्ययनको मुख्य उद्देश्य यस प्रकारका थिए।

१) २००८ सालदेखि २०१३ सालसम्मको ५ वर्षे अवधीमा नेपाल भित्र र बाहिरबाट प्रकाशित १०४ वटा पत्रपत्रिकाहरूको विवरण।
२) १०४ वटा पत्रपत्रिकाहरू मध्ये ८० वटा पत्रपत्रिकाहरूको विस्तृत अध्ययनका आधारमा तात्कालिन समयमा नेपाली प्रकाशन क्षेत्रमा देखिएका खास विशेषता र रूझानहरूको विश्लेषण।

अध्ययनका क्रममा यस समयका पत्रपत्रिकाहरूमा साहित्यिक विषयवस्तु तथा व्यक्तिहरूको प्रधानता, पत्रपत्रिकाहरूलाई रङ्गीन तथा सचित्र बनाउने वा देखाउने चलन र परम्परा रहेको देखिन्छ। त्यसो त केही अपवादलाई छाडिदिने हो भने यस समयका पत्रपत्रिकाहरू अल्पकालमै बन्द भएका देखिन्छन्।

[1] यस अध्ययनका लागि चौतारी मिडिया फेलोसिप- २००९ अन्तर्गत मार्टिन चौतारीबाट आर्थिक सहयोग प्राप्त भएको थियो। यस अध्ययनका लागि श्री अनन्त कोइराला (मदन पुरस्कार पुस्तकालय) र सल्लाह, सुझाव तथा अन्य सहयोगका लागि मार्टिन चौतारी तथा मदन पुरस्कार पुस्तकालयलाई विशेष धन्यवाद।

## 1. छात्रवाणी (विद्यार्थी मासिक)

- प्रकाशन शुरु मिति: २०१३ जेठ
- प्रकाशक: छात्रवाणी प्रकाशन
- प्रधान सम्पादक: के. कुमार
- सम्पादक मण्डल: शर्माजी, पन्तजी, कार्कीजी, बश्यालजी
- साइज: २३×१८ सेमी
- मुद्रक: विजय प्रेस, डिल्लीबजार, कालिकास्थान, काठमाण्डौ
- मुल्य: नेरू. ५० पैसा
- म.पु.पु. माइक्रोफिल्म नं: त्र १०५/१
- एक्सपोजर संख्या: २०

राजारानीको फोटोसहितको कभर पृष्ठमा (रङ्गीन[2]) लक्ष्मीप्रसाद देवकोटाले छात्रवाणी पत्रिका प्रकाशन हुन लागेकोमा दिएको दुई लाइनको शुभकामना कविता सबैभन्दा माथि राखिएको छ।[3] त्यसपछि ठूलो अक्षरमा छात्रवाणी (विद्यार्थी मासिक) लेखिएको छ। २०१३ साल जेठमा पहिलो अङ्क प्रकाशित यस पत्रिकामा लक्ष्मी प्रसाद देवकोटा, मोहन हिमांशु थापा, कृष्ण कुमार वर्मा, डम्बर बहादुर क्षत्री, धर्मराज थापा, अमृत बहादुर कार्की, लेखनाथ पौडेल, नरेन्द्र कुमार कार्की, प्रल्हाद ध्वज पन्त, लक्ष्मण लोहनी र सुशील कुमार सिन्हाका सामग्रीहरू प्रकाशित छन्। धर्मराज थापा, भीमनिधि तिवारी तथा माधवप्रसाद घिमिरेबाट शुभकामना सन्देशहरू दिइएको छ। साहित्यिक विधाको यस पत्रिकामा लेख, निबन्ध, कथा, कविता र मुक्तकहरू समावेश गरिएको भए पनि पत्रिकाको पछाडि कभरमा शीर्षक बेगरका छोटा-छोटा समाचार र भित्र छात्र-समाचार दिइएको छ। सम्पादकीयमा "छात्रवाणी" विद्यार्थीहरूको आवाज हो भनिएको छ। छात्रवाणीको नियम अन्तर्गत यस पत्रिकामा लेख-रचना पठाउँदा अपनाउनु पर्ने नियमहरू, विज्ञापनको नियम[4] (विज्ञापनका लागि आवश्यक रकम) तथा एजेन्ट नियम (पत्रपत्रिका विक्रीवितरणका लागि आवश्यक नियम र कमिशन दरहरू) समावेश गरिएको छ।

## 2. छात्रवाणी (अ.ब.ने. छात्र संघको सचित्र वार्षिक मुख पत्रिका)

- प्रकाशन शुरू मिति: २०१२ साल
- प्रकाशक: अखिल वनारस नेपाली छात्र संघ
- प्रधान सम्पादक: पासाङ गोपर्मा
- सम्पादक मण्डल: कोशराज शर्मा, देवमणि ढकाल, शान्तनुपन्त नेपाली, बालकृष्ण 'रूपावासी'
- साइज: २०×१३ सेमी
- मुद्रण: भारतीय मुद्रणालय,बनारस
- मुल्य: भारू. १
- मपुपु माइक्रोफिल्म नं: १०५/१
- एक्सपोजर संख्या: १५५

[2] यहाँ रङ्गीन भनिएका सबै पत्रपत्रिकाहरू वर्तमान अवस्थामा देखा पर्ने जस्ता रङ्गीन होइनन्। सामान्यत: प्रकाशनका लागि श्याम-श्वेत रङ मात्र प्रयोग हुने अवस्थामा फरक-फरक रङको कागज प्रयोग गरेर वा मास्टहेड, नेमप्लेट लगायत कुनै खास चित्र तथा अक्षरहरूमा कुनै एक रङ(श्याम-श्वेत बाहेक अन्य)को प्रयोग गरेको भन्ने बुझ्नु पर्छ।

[3] 'छात्रवाणी' फुलोस् फैलोस् फस्टियोस होस् युगध्वनि
यति संदेशका साथ यो गर्दै छु मै पनि।

[4]

| | |
|---|---|
| टाइटल पेजमा १ पृष्ठको १ पटकका लागि मोरू | १२। |
| म्याटर पृष्ठमा १ पेजको १ पटकका लागि मोरू | १०। |
| म्याटर पृष्ठमा १/२ पेजको १ पटकका लागि मोरू | ६। |
| म्याटर पृष्ठमा १/४ पेजको १ पटकका लागि मोरू | ४। |
| म्याटर पेजको १/८ पेजको १ पटकका लागि मोरू | २।५० |

Draft

अखिल बनारस नेपाली छात्र संघ (अ.ब.ने. छात्र संघ) को वार्षिक मुख-पत्रिकाका रूपमा प्रकाशित छात्रवाणी पत्रिकाको कभर पृष्ठमा एउटा बक्सभित्र नेपालको नक्सा र नक्सा भित्र छात्रवाणी लेखिएको छ। बक्सभित्रै दायाँतिर छात्रवाणीको मुनि सानो अक्षरमा 'गंगाप्रसाद' छापिएको छ। यो कभर पृष्ठ डिजाइनिङ गर्नेको हस्ताक्षर वा नाम हुन सक्छ। पत्रिकाको पहिलो अङ्कमा अखिल बनारस नेपाली छात्रसंघका कार्यकारिणी सदस्यहरू[5]को तस्बीर प्रकाशित छ।

२०१२ सालमा प्रकाशित पहिलो अङ्कमा धरणीधर शर्मा, महेशकुमार, वल्लभमणि दाहाल, माधवप्रसाद गजुरेल, बलराम 'श्रमजीवी', तारानाथ शर्मा, घनश्याम खनाल, देवमणि ढकाल, शशिकला शर्मा, बालकृष्ण पोखरेल, प्रेमप्रसाद वली, चूडामणि रेग्मी, डिल्लीराम तिम्सिना, भीमप्रसाद ढकाल, गणेशप्रसाद भण्डारी, दाताराम शर्मा, पद्मप्रसाद उप्रेतीका लेख रचनाहरू समावेश गरिएको छ। यसबाहेक पनि कोशराज रेग्मी, लक्ष्मी देवी सेवा, मदनकृष्ण प्रसाईं, नारायणप्रसाद, राजेन्द्रकुमार आचार्य, त्रिलोकसिंह थापा, तारानाथ शर्मा, गणेशबहादुर प्रसाईं, पासाङ गोपर्मा, दुर्गाप्रसाद शास्त्री, जयप्रसाद ढकाल, कुलमणि देवकोटा, चूडामणि उपाध्याय, शान्तनुपन्त नेपाली, वसन्तकुमार शेरचन्द, पुण्यप्रसाद आचार्य, खगेन्द्रनाथ शर्मा, गिरीराज गौतम, टेकबहादुर कार्की, माधवप्रसाद गौतम, दीपककुमार थापा आदिका लेख, रचना तथा विद्याधर्म प्रचारिणी नेपाली समितिको प्रतिवेदन लगायत अन्य सामग्रीहरू समावेश छन्। पत्रिकामा सम्पादकीय भने पासाङ गोपर्माको छ।

अखिल बनारस नेपाली छात्र संघको प्रतिवेदन तथा पुस्तक पसल, स्टेशनरी, नयाँपुस्तक तथा पुस्तकालयहरूको विज्ञापन पनि यसभित्र भेट्न सकिन्छ। प्रकाशनका क्रममा देखिएको सबैभन्दा नयाँ पक्ष भने यसमा प्राय: जसो लेखकहरूको तस्बीर समावेश गरिएको छ र यसका लागि आवश्यक पर्ने ब्लकको खर्च लेखक-लेखिकाहरू स्वयंले बेहोरेको कुरा पत्रिकाले यसरी प्रस्ट पार्छ,- "यस पत्रिकाका लेखक-लेखिकाहरूले आफ्ना-आफ्ना ब्लकको खर्चै आफैले बेहोर्नु भएकोमा "छात्रवाणी" उहाँहरूप्रति धन्यवाद प्रकट गर्दछ।" २०१३ र २०१४ सालमा वर्ष २ अङ्क २ र वर्ष ३ अङ्क ३ का रूपमा प्रकाशित यस पत्रिकाको साइज भने फरक देखिन्छ। पहिलो अङ्कको साइज २०x१३भए पनि दोस्रो, तेस्रो र पाँचौ अङ्कको साइज २३×१८ सेमी रहेको छ। सम्पादक मण्डल र प्रधान सम्पादक पनि प्रत्येक वर्ष फेरिएका छन्। दोस्रो अङ्कमा प्रधान सम्पादक वीरेन्द्र 'खुँजेली' रहेका छन् भने सम्पादक मण्डलमा, कोशराज रेग्मी, बसन्तकुमार शेरचन्द, माधव गजुरेल र रामनाथ शर्मा रहेका छन्।

२०१४ सालमा प्रकाशित तेस्रो अङ्कका लागि प्रधान सम्पादक माधव भँडारी रहेका छन् भने सम्पादक मण्डलमा लक्ष्मण पौडेल, कविराज शर्मा, हरिहर गौतम र शिवप्रसाद भट्टराई रहेका छन्। वर्ष ५ अङ्क ५, २०१६का लागि सम्पादक मण्डलमा हरिनाथ वास्तोला, इन्द्रबहादुर थापा, एकराज शर्मा, आर पी भट्टराई रहेका छन्। पत्रिकामा बनारसमा पढ्ने विद्यार्थीहरूको भन्दा पनि बाहिरका साहित्यकारहरूको सामग्री बढी हुने गर्थ्यो। जस्तै- भीमनिधि तिवारी, प्रेमचन्द्र शर्मा, केदारमान व्यथित, धर्मराज थापा, बालकृष्ण सम, लक्ष्मीप्रसाद, आदि।

### 3. जनयुग (नेपाली प्रगतिशील पाक्षिक)

| | |
|---|---|
| • प्रकाशन शुरू मिति: | २००९ बैशाख १ |
| • प्रकाशन बन्द मिति: | २००९ कार्तिक १६ |
| • प्रकाशक: | जनयुग कार्यालय, के २०/१९० ब्रम्हाघाट बनारस-१ |
| • सम्पादक: | भवानीप्रसाद शर्मा |
| • मुद्रक: | हितचिन्तक प्रेस, रामघाट, बनारस |
| • व्यवस्थापक एवं सह-सम्पादक: | सूर्यमोहन अधिकारी |
| • साइज: | २७×२२ सेमी |
| • मुल्य: | ४।।) |
| • मपुपु माइक्रोफिल्म नं | त्र ७७/१ |
| • एक्सपोजर संख्या | ८२ |
| • माइक्रोफिल्म भएका अङ्कहरू | वर्ष१, अङ्क १ देखि वर्ष १ अङ्क ११ |

यो विचारमूलक पत्रिका हो। यसमा विशेष रुपमा कम्युनिष्ट पार्टीको आदर्शसँग निकट रहेका लेखहरू प्रकाशित भएको पाइन्छ। "प्रजातन्त्र तथा गरीब जनताको पक्षमा" समर्थन गर्ने लेखहरू प्रकाशित हुने जानकारी पत्रिकामार्फत् दिइएको छ र पत्रिकामा सम्पूर्ण

[5] माधव प्रसाद गौतम, पुण्यप्रसाद शर्मा, शान्तनुपन्त नेपाली, सीताराम गौतम,पासाङ गोपर्मा, सुशीलचन्द्र गौतम, टेकबहादुर कार्की, कोशराज शर्मा, नारायण भट्टराई, माधवप्रसाद गजुरेल, हरिप्रसाद उपाध्याय, वल्लभमणि दाहाल, दिनमणी भंडारी र श्याम अधिकारी ।

रूपमा कम्युनिष्ट पार्टीको प्रचार गर्ने सामग्रीहरू मात्र प्रकाशित भएको देखिंदैन। यसमा हृदयचन्द्र सिंह प्रधान, कमलराज रेग्मी आदिका कविता, तुलसीलाल अमात्यका लेखहरू प्रकाशित भएका देखिन्छन्।

यो पत्रिका पहिलो अंक ८ पृष्ठमा प्रकाशित भएको थियो भने दोस्रो अंक १६ पृष्ठमा। तेस्रो अंकमा पुग्दा यो पत्रिका पहिलो र अन्तिम पृष्ठ रङ्गीन सहित १६ पृष्ठ र चौथो अंक पनि दुई पृष्ठ रंङ्गीन सहित २४ पृष्ठमा प्रकाशित छ। तर त्यसपछिका अंकहरू पुन: ८ पृष्ठमा प्रकाशित छन्।

आफ्नो छैटौं अंकमा 'जनयुग समाचार प्रधान पत्र होइन अत: समाचारहरू संक्षिप्तमा पठाउनुहोस्' भन्ने विज्ञापन प्रकाशित भएबाट यो समाचार प्रधान नभएपनि यसले संक्षिप्त समाचार भने प्रकाशित गरेको देख्न सकिन्छ। यसले समसामयिक समाचार माथिका टिप्पणीलाई विशेष स्थान दिएको छ। तेस्रो अंकसम्म नियमित प्रकाशित यो पत्रिका चौथो र पाँचौं संयुक्त अंकको रुपमा प्रकाशित छ। नियमित रूपमा प्रकाशित भइरहेको यो पत्रिका ११ औं अंकमा आएर जनयुगलाई सहयोग गर्ने र समयमा ग्राहक शुल्क बुझाउने अनुरोध सहित प्रकाशित भयो। 'देश र दुनिँया प्रतिको आफ्नो कर्तव्य पुरा गर्नुहोस्- हाम्रो अपील' शीर्षकको सम्पादकीयमा नेपालमा पत्रिकाहरूले भोगिरहेको आर्थिक समस्याको बारेमा चर्चा गर्दै यसले जनयुगलाई हर तरहले सहयोग गर्न आग्रह गरेको छ। यसले लेखेको छ- "हामी फेरि एकचोटी प्रत्येक प्रगतिप्रेमी व्यक्ति तथा जनवादी पार्टीसँग अनुरोध गर्दछौं कि जनयुगलाई चिर स्थाईरुपले चलाउन जन-युग फंड १५,००० को पूर्ति गराएर, जनयुगको निम्ति ग्राहक बनाएर, विज्ञापन दिलाएर देश र दुनिँया प्रतिको आफ्नो कर्तव्य पूरा गर्नुहोस्'। यसपछि जनयुग प्रकाशित भएको देखिदैन।[6]

## 4. चेतना (साप्ताहिक समाचार पत्र)

- प्रकाशन शुरु मिति: २०१२ माघ १८
- सम्पादक: त्रिलोकचंद 'कपूर'
- प्रकाशक: नारायणप्रसाद कोइराला, श्यामप्रसाद भट्टराई
- मुद्रण: लक्ष्मी प्रिंटिङ् प्रेस, विराटनगर
- साइज: ४०x३३ सेमी (पुरा साइज)
- मुल्य: १ आना (भारतीय), १० पैसा (नेपाली)
- मपुपु माइक्रोफिल्म नं: त्र १०६/१
- एक्सपोजर नं: १२०
- माइक्रोफिल्म भएको वर्ष १ संख्या १ मात्र

यो समाचार प्रधान साप्ताहिक पत्रिका हो। यसले राजनीतिक समाचारहरूलाई प्राथमिकताका साथ प्रकाशन गरेको देखिन्छ। यो पत्रिकाले आफ्नो एक पृष्ठमा हाँस्यव्यङ्ग्य र 'जस्तालाई तस्तै, ढिंडालाई निस्तै' शीर्षकमा पाठकहरूसँग प्रश्नोत्तर स्तम्भ पनि राखेको देखिन्छ।

## 5. कर्मवीर (साप्ताहिक)

- प्रकाशन मिति: [२०१२?]
- सम्पादक: राजाराम जङ्गबहादुर सिंह
- सह- सम्पादक: नरेन्द्रमान सिंह वरुयात्
- प्रकाशक: कर्मवीर महामण्डल, केलटोल, नेपाल
- मुद्रक: अन्नपूर्ण प्रेस, असन, नेपाल
- साइज: ३७×२५ सेमी
- मुल्य: ५ पैसा

[6] यस ताकाका पत्रपत्रिकाहरूको एउटा विशेषता भनेको पुस्तक, पुस्तक पसल, स्टेशनरीहरूको विज्ञापन गर्ने र पुस्तकालयहरूका लागि सहयोगको अपील गर्ने। २००९ आश्विन १ वर्ष १ अङ्क ८को अङ्कमा श्री शर्माद्वारा लिखित चीनका निर्माता (माओत्से तुंगको जीवनी), विजनौरबाट प्रकाशित हुने, हिन्दी सचित्र साप्ताहिक पत्र "प्रकाश", हितचिन्तक प्रेस, श्री शर्माको राजनैतिक कथा संग्रह "आत्म-ज्वाला" तथा झापा किसान संघको संघर्षट का विषयमा डी.पी.अधिकारीको बुकलेटको विज्ञापन गरेको देख्न सकिन्छ। पत्रिकाहरू सञ्चालनका लागि सहयोगको अपिलहरू पनि धेरै पत्रपत्रिकाहरूमा देख्न सकिन्छ। पत्रपत्रिकाहरू प्रकाशनमा निरन्तरता कायम नहुनु पनि यस कालखण्डको विशेषताका रूपमा देखा पर्छ।



Draft

यो साप्ताहिक समाचार पत्रको ढाँचामा प्रकाशित छ। यसले समाचारलाई प्रमुखता दिएको देखिए पनि राजनीतिक समाचारले कम स्थान पाएको देखिन्छ। कर्मवीर महामण्डलका गतिविधिहरूसँग सम्बन्धित सामग्रीहरूलाई यसले प्राथमिकतामा राखेको देखिन्छ। पत्रिकाको वर्ष र अंकमा निकै गडबडी देखिन्छ र वर्ष तथा अंकमा कुनै तालमेल देखिदैन। उदाहरणको लागि २०१३ चैत्रको अंकमा यसले वर्ष २ छापेको छ यसरी हेर्दा २०१४ को वर्ष ३ हुनुपर्ने हो तर २०१४मा यो वर्ष १ का रूपमा देखा पर्छ। [7]

## 6. दीपक (सचित्र नेपाली मासिक पत्र)

- प्रकाशन मिति: २०१३ वैशाख - २०१७ जेष्ठ
- सम्पादक: नारायणप्रसाद उपाध्याय
- प्रकाशक: एकदेव उपाध्याय, सर्वहितैषी कम्पनि
- मुद्रक: दीपक प्रेस, १७-२७२ नदेसर, वाराणसी कैण्ट
- साइज: २३×१८ सेमी
- मुल्य: वार्षिक ४
- मपुपु माइक्रोफिल्म नं: त्र ८८/१-२
- एक्सपोजर नं: १३०३
- माइक्रोफिल्म भएका अङ्कहरू: वर्ष १ अङ्क १ ( २०१३ वैशाख देखि वर्ष १ अङ्क १२ सम्म, वर्ष २, अङ्क २ देखि वर्ष २ अङ्क १२ सम्म र वर्ष ३ अङ्क १ सम्म)

यो पत्रिकाको बाहिरी पृष्ठ रंङ्गीन[8] देखिन्छ । एउटा महिलाले हातमा दियो (दीपक) समातेको चित्र सहित पत्रिकाको मास्ट हेड तयार गरिएको छ। यसमा साहित्यक रचना तथा समसामयिक राजनीतिक टिप्पणीहरू समावेश छन्। त्यसैले यो न त पूर्ण रूपमा साहित्यिक पत्रिका हो न त यसलाई पूर्णत राजनैतिक नै भन्न सकिन्छ। यसमा प्रकाशित सामाग्रीहरूमा कथा, कविता, निबन्ध, समसामयिक लेख तथा राजनैतिक टिप्पणीहरू छन्।
राज्यारोहण विशेषांक भनेर उल्लेख गरि पहिलो अङ्कका रूपमा बजारमा आएको यस पत्रिकाको कभर पृष्ठमा राजा महेन्द्रको स्केच गरिएको तस्बीर छ।
पत्रिकाको पहिलो अङ्कमा डा. के आई सिंहको कविता भेट्न सकिन्छ भने नारायण प्रसाद उपाध्याय, तारानाथ शर्मा, तारिणी प्रसाद कोइराला, गोपाल चन्द्र, लक्ष्मणराज पाण्डे, कोशराज रेग्मी, पार्वगी कुमार शर्मा, गणेश बहादुर प्रसाई, पासाङ गोपर्मा, बिजुली बहादुर शाक्य, गोविन्द लाल श्रेष्ठ, जगदीश चन्द्र अरोडा, कुशवाह कान्त, पं कुलचन्द्र गौतम, गणेश दास, तथा डा भूमिराज शर्माद्वारा लिखित सामग्रीहरू देखा पर्छन्। पत्रिकामा फोटोहरू र ग्राफिक्सको प्रयोग पनि नियमित रुपमा देख्न सकिन्छ। यसमा बौद्ध मन्दिर, शिक्षा मन्त्रीका साथ चीन जाने प्रतिनिधीहरूको सामुहिक फोटो प्रकाशित भएको देखिन्छ।

## 7. छाँगो (रितु पत्रिका, द्वैमासिक, भोजपूर)

- प्रकाशन मिति: २०१३ वैशाख
- प्रकाशक: विद्योदय शिक्षक संघ, विद्योदय हाईस्कूल, भोजपूर
- प्रधान संरक्षक: नारदमुनी थुलुङ्ग
- प्रधान सम्पादक: ललितबहादुर हलवाई
- सम्पादक: पं. शिवकुमार शर्मा (पराजुली), धर्म कुमार प्रधान, लालधन शाक्य, भरतचन्द्र शर्मा
- साइज: ३५×२२ सेमी (पहिलो अंक)
- माइक्रोफिल्म नं: १०१/१
- एक्सपोजर संख्या: ४०

---

[7] यो २०१३ देखि २०१५ सम्मको सङ्ग्रह हो।

[8] रङ्गीनको अर्थ वर्तमान समयमा पत्रपत्रिकाहरूमा प्रयोग हुने रङहरू भनेर बुझ्न मिल्दैन। यहाँ रङ्गीनको अर्थ श्याम श्वेत भन्दा फरक कुनै तेस्रो रङ्गको प्रयोग भएको भन्ने मात्र बुझ्नुपर्छ।

यो पत्रिकाको बाहिरी पृष्ठमा पहाड, जंगल र झरनालाई देखाइएको छ। यो लिथो प्रविधीबाट छापिएको छ र यसको पहिलो अंक नेपाली कागजमा प्रकाशित छ। ६ वटा ऋतुका आधारमा वर्षमा ६ वटा पत्रिका (द्वैमासिक) प्रकाशन गर्न खोजेजस्तो देखिन्छ र प्रत्येक अङ्कलाई ऋतुका आधारमा नामाकरण गरिएको छ। यसको पहिलो अंक २०१३ बैशाखमा प्रकाशित भएको छ र यसमा ग्रीष्म ऋतु लेखिएको छ। यसमा प्रकाशित कविताहरू कुन छन्दमा छन् भन्ने कुरा पनि विषय सूची सँग-सँगै जानकारी दिइएको छ।
पत्रिकामा अंग्रेजी भाषाका केही सामग्रीहरू पनि देखिन्छन्। यो एउटा साहित्यक पत्रिका हो। यसमा किराना पसल, कपडा पसलहरूका विज्ञापन छापिएका छन्। पहिलो अंकमा पत्रिकालाई सहयोग गर्नको लागि आह्वान गरिएको छ र सहयोग गर्ने बाटाहरू पनि देखाइएको छ:- 'छाँगोलाई मद्दत दिनुहोस्, कसरी?ग्राहक बनेर; छाँगो बिक्री गरी-गराएर अनि लेख सामग्री दिएर, आर्थिक दान दिई-दिलाएर'।
द्वैमासिक पत्रिका भएपनि यसको दोस्रो अंक पहिलो अंक प्रकाशित भएको ६ महिना पछि पुस र माघ अंक भनेर २०१३ पुसमा प्रकाशित भएको देखिन्छ। पहिलो अंक नेपाली कागजमा प्रकाशित भएपनि यसको दोस्रो अंक साधारण कागजमा प्रकाशित भएको देखिन्छ तर यसको बाहिरी पृष्ठ रातो कागजमा प्रकाशित भएको छ।
दोस्रो अंक पहिलो अंक प्रकाशित भएको ६ महिनापछि मात्र प्रकाशित भएकोमा यसले आफ्नो सम्पादकीयमा 'खेद छ' भनी बजारमा स्टेन्सील किन्न नपाउनु र धरानबाट मँगाउदा पनि समयमा नआइपुगेका कारण दोस्रो अङ्क छाप्न ढिलाई भएको कुरा उल्लेख छ।

## 8. आरती ( प्रयाग विश्वविद्यालय नेपाली छात्र संघको वार्षिक मुखपत्र)

- प्रधान सम्पादक: रामबहादुर रावल
- प्रकाशित मिति: १९५२ जुलाई
- साइज: २३×१८ सेमी
- यसको मुद्रकको बारेमा पत्रिकामा कतै उल्लेख गरिएको छैन।

मुखपत्रका रूपमा प्रकाशित यस पत्रिकामा समावेश लेखहरू लगभग आधा अंग्रेजी भाषा र बाँकी नेपाली भाषामा प्रकाशित छन्। यो प्रयाग विश्वविद्यालय नेपाली छात्र संघको वार्षिक मुखपत्र भएकोले सो विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरूको सामग्रीलाई यसले विशेष प्राथमिकतामा राखेको छ।

## 9. कोपिला (सचित्र नेपाली मासिक)

- साइज: २० x१३ सेमी (पहिलो अङ्क)
- प्रकाशन मिति: २०१० फागुन १९
- सम्पादक: शेखरबाबु मानन्धर
- उप-सम्पादक: भुवन भक्त जोशी
- सह-सम्पादक: श्री कमल बहादुर राजभण्डारी, अम्वेश्वर लाल राजभण्डारी
- प्रबन्ध सम्पादक: विद्यारत्न
- प्रकाशक: नि:शुल्क स्कूल 'शान्ति शिक्षा मन्दिर' ठहिटी, नेपाल
- मुद्रक: भगवती प्रेस, ठहिटी, काठमाण्डौ
- मुल्य: २० पैसा
- मपुपु माइक्रोफिल्म नं: त्र १०१/१
- एक्सपोजर संख्या: २०५
- माइक्रोफिल्म भएका अङ्कहरू: २०१० फागुन १९- २०११ आश्विन

यो बाल साहित्यिक पत्रिका हो। यसको बाहिरी पृष्ठ मोटो कागजमा स्केच सहित रङ्गीन छपाईमा छ। यसको भित्री १-२ पृष्ठहरू पनि रङ्गीन छपाईमा छन्। यसको पहिलो अङ्कमा सुन्धारा, भूगोल पार्क, सरस्वती सदनको फोटो प्रकाशित छन्। यसमा प्रकाशित सामग्रीहरूमा कथा, कविता, गीत, मुक्तक, समसामयिक लेखहरू छन्। नेपाल भाषाका रचनाहरू पनि समावेश छन्। पहिलो अङ्कमा लक्ष्मीप्रसाद देवकोटा, भीमनिधी तिवारी, चित्तधर हृदयका शुभकामना सन्देशहरू समावेश छन् भने दोस्रो अङ्कमा बालकृष्ण सम,



Draft

बाल चन्द्र शर्मा र हृदयचन्द्र सिंह प्रधानका सन्देशहरू समावेश छन्। दोस्रो अङ्कदेखि यसको आकारमा परिवर्तन भएको छ र यो २२x १७ सेमीको बनेको छ।

## 10. छात्रदूत (नेपालीय संस्कृत छात्र परिषद्, वनारसको मुखपत्र)

- साइज: २३×१८ सेमी
- सम्पादक मण्डल: भेषराज शर्मा, अग्निप्रसाद रिजाल, उदयचन्द्र वाशिष्ठ, हरिभक्त शर्मा, बल्लभमणी दाहाल
- मुल्य: १ मोरु
- मुद्रक: अग्नीप्रसाद दाहाल, भारतीय मुद्रणालय, वनारस
- प्रकाशन मिति: वि.स. २०१२
- मपुपु माइक्रोफिल्म नं: त्र १०४/१
- एक्सपोजर संख्या: १९७

यो मुखपत्र हो र यसमा समावेश गरिएका प्राय: सामग्रीहरू साहित्यिक विधासँग सम्बन्धित मात्र छन्। यस समयमा प्रकाशित हुने धेरैजसो पत्रपत्रिकाहरूले प्रजातन्त्र र स्वतन्त्रताको पक्षधरका रूपमा खडा भएको कुरा उल्लेख गर्ने गरेको भेटिन्छ र यो पत्रिकाले पनि प्रजातन्त्र र स्वतन्त्रताको पक्षमा कलम चलाएको कुरा उल्लेख गरेको छ।

यसले आफ्नो पहिलो अंकमा 'कति लेखकहरूबाट समयमा ब्लक नपाएकोले फोटो छपाउन नपाउँदा सम्पादक मण्डल दु:खी छ' भनि उल्लेख गरेको छ। सो समयमा धेरै पत्रिकाहरूले ब्लक नबनाएर लेखहरूले उपलब्ध गराएको ब्लकका आधारमा लेखकको रचनासँगै लेखकको फोटो छापेको देखिन्छ।

पत्रिकाको दोस्रो अङ्क, २०१३ का लागि सम्पादक मण्डलमा माधव भँडारी, पद्मराज शर्मा, चूडामणि रेग्मी, हरिभक्त शर्मा, भेषराज शर्मा थिए भने तेस्रो अङ्क २०१४ को लागि ईश्वरीप्रसाद आचार्य, पद्मराज शर्म्मा, भेषराज शर्मा, चूडामणि रेग्मी, पोषराज शर्मा निरौला देखिन्छन्।

यसको बाहिरि पृष्ठ मोटो रंगीन कागजमा छापिएको देखिन्छ तर यसको दोस्रो अंकको बाहिरी पृष्ठमा स्केचको प्रयोग गरिएको छ। पहिलो प्रकाशन २०१२ सालमा भएको र प्रत्येक अंकमा सम्पादक मण्डल परिवर्तन भएको देखिन्छ।

## 11. आदर्श (नेपाली मासिक पत्रिका)

- साइज: २३×१८ सेमी
- सम्पादक: देवदास राई
- सह सम्पादक : मोहन राई
- प्रकाशक: फादर वेरी
- मुद्रक: ओगं प्रेस, खरसाङ्, दार्जिलिङ्ग
- प्रकाशन मिति: जुन, १९५२
- मपुपु माइक्रोफिल्म नं: त्र ८४१
- एक्सपोजर संख्या: १२१

यो पत्रिका साहित्यिक पत्रिका हो। यसमा प्रकाशित सामग्रीहरूमा कथा, कविता, समसामयिक लेख रचनाहरू छन्।
यो पत्रिका निर्वाचन प्रक्रियाबाट संचालक समितिको चुनाव गरेर सोही समितिबाट प्रकाशित भएको देखिन्छ।

Draft

## 12. भोर (एकमात्र सचित्र नेपाली सामाजिक मासिक पत्रिका)

- साइज: २३×१८ सेमी
- प्रधान सम्पादक: शेखर बाबु मानन्धर (कोपिलाका पनि सम्पादक)
- प्रबन्ध सम्पादक: "प्रधान"
- सम्पादक: कमल
- सहसम्पादिका: कुमारी रीता र कुमारी कल्पना [९]
- प्रकाशक: भोर कार्यालय, काठमाण्डौ
- मुद्रक: अन्नपूर्णा प्रेस, असन
- प्रकाशन आरम्भ मिति: २०११ भाद्र
- मपुपु माइक्रोफिल्म नं: त्र ११९/१
- एक्सपोजर संख्या: ५२ (भाद्र, असोज र कार्तिक)

यो साहित्यिक पत्रिका हो। फिल्मी दूनिँया स्तम्भ राखेर यसले हिन्दी सिनेमाको फोटो सहित समाचारहरू प्रकाशित गरेको देखिन्छ। यसले आफ्नो पहिलो अंकमा सचित्र सामाजिक पत्रिका लेखेर प्रकाशित गरेको थियो तर दोस्रो अंकदेखि सामाजिक हटाएर सचित्र साहित्यिक पत्रिका लेखेको छ।

यो पत्रिकामा बालकृष्ण सम, नीर विक्रम प्यासी, इतिहास शिरोमणी बाबुराम आचार्य, महाकवि देवकोटाहरूका लेखहरू पनि पढ्न पाइन्छ।

## 13. जागरण 'साप्ताहिक'

- साइज: २३×१८ सेमी
- सम्पादक: हृदयचन्द्रसिंह प्रधान
- प्रकाशक: जागरण संचालक समिति, सन्देश गृह, नेपाल
- मुद्रक: वागीश्वर छापाखाना, झोंछे, काठमाण्डौ
- प्रकाशन शुरु मिति: २००७ फागुन ४
- म.पु.पु. माइक्रोफिल्म संख्या: त्र ७४/१
- एक्सपोजर संख्या: ३५२

यस पत्रिकाले हरेक अङ्कमा आफ्नो बाहिरी पृष्ठका लागि प्रयोग हुने कागजको रंग परिवर्तन गरेको देखिन्छ। यो समाचार प्रधान साप्ताहिक पत्र हो र यसले आफूलाई प्रजातन्त्रको पहरेदारको रूपमा उभिएको दावी गर्छ।

यसले आफ्नो उद्देश्यमा 'अन्तर्राष्ट्रिय कला र साहित्यको परिचय दिंदै आधुनिक साहित्य कलाले जनतालाई प्रेरित गर्ने' लेखेको छ। यसो भनिएपनि यसमा प्रकाशित लेख तथा टिप्पणीहरूमा राजनैतिक र सामाजिक विषयवस्तु पनि समेटिएको पाइन्छ। यसले आफ्ना सामग्रीमा खेलकूद तथा मनोरञ्जनलाई पनि महत्वका साथ प्रकाशित गरेको छ।

यो पत्रिका ३६ अंकसम्म नियमित रुपमा प्रकाशित भएको देखिन्छ। पहिलो अंकको सम्पादकीयमा देशले भर्खरै मात्र प्रजातन्त्र प्राप्त गरेको र प्रजातान्त्रिक पार्टीहरू अन्तरिम सरकारमा मात्र सामेल भएको अवस्थामा पार्टीहरूले एक अर्कामा दोषारोपण गर्ने समय नआइसकेकोले सबैले मिलेर काम गर्नुपर्ने अवस्था रहेको औंल्याएको छ।

[९] दुई जना महिला सम्पादिकाहरू

Draft

## 14. नेपाल आयुर्वेद (मासिक)

- साइज: २२×१५सेमी
- प्रकाशक: नेपाल आयूर्वेदीय संस्था, काठमाण्डौ
- सम्पादक: क. नरेन्द्रनाथ शर्मा
- सह-सम्पादक: क. चन्द्रानन्द राजवैद्य, चित्रबहादुर प्रधान, क. दानरत्न बज्राचार्य
- वार्षिक मूल्य : नेपाललाई मोरू ४, एक प्रतिको मूल्य- नेपाललाई मोरू ।४०
- प्रकाशन मिति: २००९ फाल्गुन
- मपुपु माइक्रोफिल्म नं: त्र ९१/१
- एक्सपोजर संख्या: २१०

मदन पुरस्कार पुस्तकालयमा वर्ष १ अङ्क १ (२००९ फाल्गुन, १९५३ जुलाई) देखि वर्ष २ अङ्क १ (२०१० फाल्गुण) मात्र रहेको देखिन्छ। यो आयूर्वेदिक पत्रिका हो र यसले स्वास्थ्य सम्बन्धी लेखहरू तथा उपचार पद्दति र आयूर्वेदिक औषधि र उपचार पद्दतिका बारेमा आफ्ना सामग्रीहरू प्रकाशित गरेको देखिन्छ। यसको बाहिरी पृष्ठ चिल्लो र रङ्गीन कागजमा प्रकाशित छ।

## 15. जन-चेतना[10] (स्वतन्त्र पाक्षिक-पत्र)

- साइज: २३×१८ सेमी
- सम्पादक: हृदयचन्द्रसिंह प्रधान
- प्रकाशक: प्रकाशन समिति, का.न.पा।
- मुद्रक: हिम-हारती प्रेस, लगन, काठमाण्डौ
- प्रकाशन मिति: माघ, २०१०
- मपुपु माइक्रोफिल्म नं: त्र १०६/१-४
- एक्सपोजर संख्या: २२३०

यसले आफ्नो पहिलो संस्करण आर्थिक कारणले बन्द भएको कुरा दोस्रो संस्करणको पहिलो अंकको सम्पादकीयमा लेखेको छ। काठमाण्डौ नगरपालिकाको मुखपत्र भएर पनि नगरपालिका आफैं आर्थिक व्ययभार बोकेर बसेको र पत्रिकाको व्ययभार बोक्न नसक्ने भएर पटकपटक सर्वसाधारण जनतालाई जन-चेतनालाई बचाउने आग्रह गर्दा पनि बाँच्ने आधार नभएपछि पत्रिका बन्द भएको कुरा यसको सम्पादकीयमा लेखिएको छ।

यो काठमाण्डौ नगरपालिकाको मुखपत्र हो। यसको बाहिरी पृष्ठ रंगीन कागजमा छापिएको छ र हरेक फरक अंकमा फरक रंगको कागज प्रयोग गरेको देखिन्छ। काठमाण्डौ नगरपालिकाका गतिविधिका साथै यसले जनचेतना जगाउने सामग्री र समाजमा रहेका विकृति र विसंगती विरूद्ध डटेर मुकाबिला गर्नलाई उपयुक्त हुने सामग्रीहरूलाई प्राथमिकता दिएको कुरा उल्लेख छ।

## 16. उज्यालो (लखनउ नेपाली छात्र संघद्वारा प्रकाशित वार्षिक पत्र)

- प्रधान सम्पादक: माधवप्रसाद खनाल
- सम्पादक मण्डल: हिक्मत बहादुर मल्ल, मेघबहादुर पराजुली
- साइज: २३×१८ सेमी
- मुद्रक: जनता प्रेस, ५, शाहनफज रोड, लखनउ
- प्रकाशन मिति: सन् १९५६/५७
- प्रकाशक: लखनऊ छात्र-संघ
- मपुपु माइक्रोफिल्म नं: ९६/३
- एक्सपोजर संख्या: ६७

---

[10] काठमाडौं नगरपालिकाको मुखपत्र ७औँ अंकसम्म 'म्यूनिसिपल बुलेटिन' भै ८औँ अंकदेखि जन-चेतना भएको हो (*कालो अक्षर*: पृ.११७)।



Draft

यो पत्रिकाको बाहिरी पृष्ठ चिल्लो कागजमा रंगीन छपाईमा छ। यो साहित्यिक विधाको पत्रिका हो। प्रतिष्ठित पुराना लेखक तथा विद्यार्थीहरूको रचनाका रूपमा कथा, कविता, नाटक, यात्रा संस्मरण र समसामयिक सामग्रीहरू प्रकाशित भएको देखिन्छ।

### 17. नेपाल सांस्कृतिक परिषद्-पत्रिका

- साइज: २३x१६ सेमी
- प्रकाशक: नेपाल सांस्कृतिक परिषद्
- मुद्रक: आर्य भुषण प्रेस, ब्रम्हाघाट, वाराणसी
- सम्पादक: ईश्वर वराल
- प्रकाशन मिति: २००९ वैशाख
- मपुपु माइक्रोफिल्म नं: त्र ९१/१
- एक्सपोजर संख्या: २०६

यसको बाहिरी पृष्ठ मोटो रंगिन कागजमा छापिएको छ। यसमा इतिहास शिरोमणी बाबुराम आचार्य, जनकलाल शर्मा, ईश्वर बरालहरूका लेखहरू देख्न सकिन्छ। यसको अंक ४ र ५ संयुक्त रूपमा २०१४ सालमा प्रकाशित छ र यो 'ऐतिहासिक पत्र संग्रह' भाग १ को रूपमा प्रकाशित छ। यसका सम्पादक धनवज्र वज्राचार्य र ज्ञानमणि नेपाल रहेका छन्। जबकि पहिलो अङ्को सम्पादक ईश्वर बराल रहेका छन्।
ऐतिहासिक पत्र संग्रहमा पृथ्वी नारायण शाहले पण्डित राजीवलोचन जोशीलाई पठाएको पत्र, रणबहादुर शाहले चौतरिया दलमर्दन शाहलाई पठाएको पत्र, बहादुर शाहले रणबहादुर शाहलाई पठाएको पत्र, भिमसेन थापालाई अमृतसिंह थापाले पठाएको पत्रजस्ता २४ वटा पत्रहरू समावेश छन्।

### 18. केटो (समाचार प्रधान पाक्षिक)

- साइज: २४ ×१९सेमी
- सम्पादक: श्यामकृष्ण शर्मा
- प्रकाशक: 'केटो' संचालक समिति, भद्रपूरको निमित्त देवलाल शर्माद्वारा प्रकाशित
- मुद्रक: पूर्वाञ्चल प्रेस, भद्रपूर
- प्रकाशन मिति: २०१० भाद्र ( १० औं अङ्क)
- मपुपु माइक्रोफिल्म नं: त्र १०३/१
- एक्सपोजर संख्या: २१

यसले आफ्नो प्रकाशनको शुरूवातमा श्याम-श्वेत रंगको मात्र प्रयोग गरेको छ। यसले समाचारका साथै निबन्ध, कथा, कविता तथा अन्य साहित्यिक सामग्रीहरू प्रकाशित गरेको छ। यसको १२ औं अंक दशैं तिहार विशेषाङ्कको रूपमा प्रकाशित छ जसमा निबन्ध, कथा, लेखहरू समावेश गरेको देखिन्छ। विशेषाङ्कमा यसले रंगीन छपाई गरेर आफ्नो पृष्ठ संख्या पनि बढाएको छ। यसको प्रकाशित सामग्रीमा खेलकूदले पनि स्थान पाएको देख्न सकिन्छ।

### 19. नव प्रभात (द्वैमासिक साहित्यिक पत्रिका)

- साइज: १७×१२ सेमी
- सम्पादक मण्डल: सुश्री सानुमति राई, श्री महानन्द शर्मा पौड्याल
- प्रकाशक: प्रल्हादप्रसाद अग्रवालद्वारा 'नव प्रभात' व्यवस्था समितिका निम्ति प्रकाशित
- मुद्रक: मणि प्रेस, कालिम्पोङ्ग
- प्रकाशन मिति: सन् १९५४



Draft

- मपुपु माइक्रोफिल्म नं: त्र ७३१/१
- एक्सपोजर संख्या: १७१

पत्रिकामा एउटा कोलम मात्र प्रयोग भएको छ। यो पत्रिकाको बाहिरी पृष्ठ हल्का मोटो रङ्गीन पेपरमा छापिएको छ। यसमा बास्दै गरेको कुखुराको भाले छ र भालेको टाउकोमा सूर्यको पुञ्ज छ जसको स्केच अजीत दत्तले गरेको देखिन्छ।
पत्रिकाको बाहिर लेखिएजस्तै यो साहित्यिक पत्रिका हो र यसले आफ्नो पहिलो अंकको पहिलो पृष्ठमा लेखनाथ पौड्यालको "ए नेपाल!" शीर्षकको कविता प्रकाशित गरेको छ। यो पत्रिकाले तत्कालिन समयका नाम चलेका कवि, लेखकदेखि नयाँ लेखकहरूका लेख-रचनाहरू प्रकाशित गरेको देखिन्छ।

## 20. सेवा (प्रगतिशील नेपाली मासिक पत्रिका)

- साइज: १७×१२ सेमी
- सम्पादक/मुद्रक/प्रकाशक: श्यामप्रसाद शर्मा, आर्यभूषण प्रेस, ब्रह्माघाट, बनारस।
- वितरक: सेवा सदन, वीरगञ्ज; पो. रक्सौल, चम्पारन
- मुद्रक: बी.के. शास्त्री, ज्योतिष प्रकाश प्रेस, विश्वेश्वरगंज, वनारस
- प्रकाशन मिति: २००८ श्रावण- २००९ फाल्गुण
- मूल्य: ६ आना
- मपुपु माइक्रोफिल्म नं: त्र ७३/३
- एक्सपोजर संख्या: ११९

यसको पहिलो अंक मदन पुरस्कार पुस्तकालयमा उपलब्ध छैन। २००८, कार्तिकको अंक उपलब्ध भए पनि यसको कभर पृष्ठमा वर्ष र अंक खुलाइएको छैन। यसको सम्पादकीयमा "सेवाको पहिलो अंक भदौ अंक थियो, जसलाई धेरै जनाले साउनकै दिनमा पढ्न पाउनुभयो होला। अहिले दोस्रो अंक कार्तिकमा निस्किरहेछ। बीचमा असोजको अंक निकाल्न सकिएन। रुपियाँको दु:खले यसो भएको हो" लेखिएको छ। अनि यसैमा सेवाका पुराना सहयोगीहरू भनेर ६ जनाको नाम र ठेगाना छापिएको छ जसमा: सुरेन्द्रराज शर्मा, काठमाण्डौ, बलभद्र शर्मा बडाल, विरगञ्ज, जनकमोहन अधिकारी, विराटनगर, सूर्यमोहन अधिकारी, जनकपूर, गंगादास श्रेष्ठ, मकवानपूर र चन्द्रदेव नारायण, मोतीहारी छन्। यसको दोस्रो अंकमा भएको जानकारी अनुसार यसको सम्पादक, प्रकाशक र मुद्रक माथि उल्लेख गरिए अनुसार नै छ । कार्तिक अंककै अन्तिमको बाहिरी पृष्ठमा "एउटा परिचय" शीर्षकमा सेवा सदनको बारेमा उल्लेख गरिएको छ र यो पनि भनिएको छ कि २००२ मा 'सेवा-सदन' को स्थापना भएको हो र यसले गतिशील साहित्यको प्रचार गर्ने कोशिस गऱ्यो यसको फलस्वरूप यसका अध्यक्षले जेलको हावा खानुपऱ्यो र ३ वर्षसम्म सेवा सदन बन्द रह्यो.....र अहिले 'सेवा' नामको प्रगतिशील नेपाली मासिक पत्रिका पनि यहाँबाट प्रकाशित हुन थालेको छ। यसलाई हेर्ने हो भने सेवा सदनको ठेगाना विरगञ्ज उल्लेख छ र यो पत्रिका सेवा सदनले प्रकाशन गरेको हो तर, यसको मुद्रण बनारसमा भएको हो ।

## 21. इन्द्रेनी

- साइज: २१× १३सेमी
- प्रकाशक: काव्य प्रतिष्ठान, काठमाण्डौ, नेपाल
- सम्पादक: ईश्वर वराल
- प्रकाशन मिति: २०१३ वैशाख
- मुद्रण: जोरगणेश प्रेस, पाकोपोखलड्याङ, नेपाल
- मपुपु माइक्रोफिल्म नं: त्र ८०/२ (वर्ष १, अङ्क १ देखि वर्ष १ अङ्क ८ सम्म)
- एक्सपोजर संख्या: ३०५

इन्द्रेनी मासिक, पाक्षिक वा साप्ताहिक रूपमा कसरी प्रकाशन हुन्थ्यो भन्ने कुरा भेटिदैन। शुभराज्याभिषेकांक (यो दोस्रो अंक हो र यो महेन्द्रको शुभराज्याभिषेकांक हो) भनेर उल्लेख गरिएको छ। पहिलो अङ्क २०१३ वैशाखमा प्रकाशित भएको छ भने दोस्रो अङ्क

वैशाख २०, २०१३ मै प्रकाशित भएको देखिन्छ। साहित्यिक रचनाहरूको सङ्गालोका रूपमा नियमित तवरले प्रकाशित भएको यस पत्रिकाका विषयवस्तु एकै कोलममा प्रकाशित छन्।
यसको पहिलो अंकको बाहिरी पृष्ठमा स्केच गरिएको छ र श्याम स्वेतमा छापिएको छ। यसले कविता विधालाई विशेष प्राथमिकता दिएको देखिन्छ। यसमा लक्ष्मीप्रसाद देवकोटा, विजयबहादुर मल्ल, माधवप्रसाद घिमिरेका कविताहरू पढ्न पाइन्छ। यसको दोस्रो अंक शुभराज्याभिषेकांक हुने र त्यसमा कस-कस्का सामग्री प्रकाशित हुने छन् भन्ने जानकारी पहिलो अंकमै दिइएको हुन्छ। यसको बाहिरी पृष्ठ चिल्लो कागजमा इन्द्रेनीको चित्र सहित छापिएको छ। शुभराज्याभिषेकांकको रूपमा छापिएको दोस्रो अंकका सम्पूर्ण सामग्रीहरू अंग्रेजी र नेपाली दुवै भाषामा छन्।

पत्रिकाको वर्ष १ अंक ६ मा मुद्रकको नाम आर्यभुषण प्रेस, ब्रम्हाघाट, वाराणसी लेखिएको छ तर यसको पहिलो अंक नेपालमै छापिएको थियो। अरू अंकमा मुद्रकको नाम नलेखिएकोले ती कहाँ छापिएका थिए भन्न सक्ने अवस्था छैन। अङ्क २ र ७मा दिइएका नेपाली सामग्रीहरूलाई पूर्णत: अङ्ग्रेजीमा अनुवाद गरिएको छ।

## 22. अञ्जली ( कथा प्रधान "अञ्जली", द्वैमासिक साहित्य संकलन)

- साइज: २१x१३.५ सेमी
- सम्पादक-प्रकाशक: अग्रीराज श्रेष्ठ
- मुद्रक: आशा लक्ष्मी प्रेस, दार्जिलिङ्ग (तर यसको तेस्रो अंकमा मुद्रक मणि प्रेस, दस मायल, कालिम्पोङ्ग उल्लेख छ[11])
- पहिलो पटक प्रकाशित मिति: २०१२ मंसीर
- मपुपु माइक्रोफिल्म नं: त्र ८३/१
- एक्सपोजर संख्या: ९१

यसको बाहिरी पृष्ठ रंगीन मोटो कागजमा छापिएको छ। यसमा कथा, कविता, गीत र लेखहरू प्रकाशित छन्। यो पत्रिका पहिलो अंक छापिएपछि तेस्रो अंकमा वर्ष १ अंक ३, २०१६ लेखेर प्रकाशित भएको छ। यो २०१२ सालमा प्रकाशित हुन थालेको पत्रिका २०१६ मा कसरी १ वर्षको मात्र भयो त्यो भने खुल्दैन।

## 23. आदर्श-वाणी (विराटनगरको प्रमुख नेपाली-हिन्दी मासिक)

- साइज: २०x१६ सेमी
- प्रधान सम्पादक: आचार्य लक्ष्मण शास्त्री
- सम्पादक: पं. कृपाराम झा, शास्त्री, हरिकान्त मिश्र, हुलासचन्द्र गोल्छा, जगदिश प्रसाद अग्रवाल, प्रभासचन्द्र झा
- प्रकाशन मुद्रण: प्रभाषचन्द्र झाद्वारा "आदर्श-वाणी" कार्यालय, विराटनगर, पो. जोगवनीबाट प्रकाशित तथा दीपनारायण लालद्वारा केडिया प्रिंटिङ्ग प्रेस, खुश्कीबाग, पो. पूर्णियाबाट मुद्रित।
- प्रकाशक: आदर्श छात्र संघ, आदर्श विद्यालय, विराटनगर
- प्रथम पटक प्रकाशित मिति: २००९ भाद्र
- मपुपु माइक्रोफिल्म नं: ७६/३
- एक्सपोजर संख्या: १४४

यो पत्रिकामा स्कूले विद्यार्थीहरू तथा त्यसभन्दा बाहिरका अन्य व्यक्तिहरूको लेख रचना प्रकाशित छन्। यसले पनि आफ्नो बाहिरी पृष्ठ रङ्गीन कागजमा छापेको छ। यसले आफ्ना सामग्रीहरू नेपाली र हिन्दी दुवै भाषामा प्रकाशित गरेको छ।
भाद्रमा पहिलो प्रकाशन गरेको यो पत्रिकाले असोज र कार्तिक दुई महिनाको एउटै संयूक्त अंक प्रकाशित गरेको छ। यो अंकमा यसले 'विराटनगरको सर्वप्रथम ऐतिहासिक मासिक पत्रिका' भनेर दावी गरेको छ र यो अंकलाई अंक ३-४ का रूपमा प्रस्तुत गरेको छ।

---

[11] मुद्रक, प्रकाश अझ सम्पादकहरू नै पनि परिवर्तन हुने चलन व्यापक रूपमा देखिन्छ।



Draft

२००९ भाद्र देखि २००९ आश्विन-कार्तिकसम्मको अवधीमा प्रकाशित वर्ष १ अङ्क २, ३ र ४ का अङ्कहरू मात्र मदन पुरस्कार पुस्तकालयमा उपलब्ध छन्। हिन्दी भाषामा कविता, लेख, सूचनाहरू तथा स्कुलका विद्यार्थीहरूका कविता तथा अन्य रचनाहरू भेटिने यस पत्रिका प्रकाशनका केही नियमहरू यस प्रकारका छन्।

१) आदर्शवाणी प्रत्येक महिनाको प्रथम, सप्ताहमा प्रकाशित हुनेछ।
१) आदर्शवाणीमा छापिने लेख आदिको उत्तरदायित्व सम्पादकका उपर नभै लेखकहरूका उपर रहनेछ।
२) व्यक्तिगत विवादास्पाद लेख आदिका निमित्तपत्रमा स्थान रहनेछैन। आदि

पत्रिकामा पत्रिका प्रकाशन गर्दा सहयोग गर्ने चन्दा दाताहरूले नामावली विवरण दिइएको छ र पत्रिका प्रकाशन तथा यसको सफलताका लागि मातृका प्रसाद कोइराला र बी.पी. कोइरालाबाट प्राप्त शुभकामनाहरू पनि प्रकाशित छन्।

## 24. कोसेली (नेपाली साहित्यिक द्वैमासिक पत्रिका)

- साइज: २२x१७सेमी
- सम्पादक/प्रकाशक: सुन्दर प्रसाद जोशी 'दु:खी'
- मुद्रक: वागीश्वर छापाखाना, नेपाल
- प्रकाशन स्थान: ज्ञानेश्वर, काठमाडौं नेपाल
- उप-सम्पादक: मुकुन्दप्रसाद 'वियोगी'
- प्रकाशन शुरू मिति: कार्तिक, २०१०
- मुल्य: वार्षिक: ३।,एकप्रतिको: ।५०
- मपुपु माइक्रोफिल्म नं: त्र १०११
- एक्सपोजर संख्या: ५२

यो साहित्यिक पत्रिका हो। यसमा लीलाध्वज थापा, जनार्दन सम, ह्रदयचन्द्र सिंह प्रधान, भीमनिधि तिवारी, सिद्धीचरण, बालकृष्ण सम लगायतका कविता तथा अन्य साहित्यिक लेखहरू रहेका छन्। यसको बाहिरि पृष्ठ रङ्गीन कागजमा प्रकाशित छ। बाहिरी पृष्ठका हरेक अंकमा यसले नेपालका वरिष्ठ साहित्यकारका रचनाका टुक्राहरू प्रकाशित गर्ने गरेको देखिन्छ।
दोस्रो अंकमा यसले आफ्नो साइज घटाएर १२×१७ सेमी बनाएको देखिन्छ। दोस्रो अङ्कमा लक्ष्मीप्रसाद देवकोटा, माधवप्रसाद घिमिरे आदि साहित्यकारका रचनाहरू प्रकाशित छन्।

## 25. गाईजात्रा (हाँस्यप्रधान साप्ताहिक पत्र)

- साइज: २४.५×१८.५ सेमी
- सम्पादक तथा प्रकाशक: केशवराज पिंडाली
- प्रकाशन शुरू मिति: २०११ पुस १३
- मुल्य: वार्षिक: ३। एक अंकको: ।६
- मुद्रक: जोरगणेश छापाखाना
- मपुपु माइक्रोफिल्म नं: १०३/१
- एक्सपोजर संख्या: ७

यो ४ पेजको पत्रिका हो। सादा कागजमा प्रकाशित यस पत्रिकाको अगाडिको पृष्ठमा पत्रिकाको नामलाई विशेष आकार (ग्राफिक्स)मा ढालिएको छ। पत्रिकाले हाँस्यव्यङ्गलाई खास प्राथमकिता दिएको छ।

Draft

## 26. छाप्रो (साप्ताहिक)

- साइज: २४×१९ सेमी
- सह-सम्पादक: डा. जगतचन्द्रमोहन (वर्ष १ अङ्क ९ का लागि)
- सम्पादक: डा जगतचन्द्रमोहन (वर्ष १, अङ्क १२,१३, २०१०, अषाढका लागि)[12]
- प्रकाशक: काशीराज शर्मा
- मुद्रक: नेपाल प्रेस, नेपाल
- मूल्य: वार्षिक शुल्क: मोरू ३।२५, भारतलाई कंरू ३, एकप्रतिको मोरू।६ पैसा
- प्रकाशन मिति: वि.स.२०१०
- मपुपु माइक्रोफिल्म नं: ७५१
- एक्सपोजर संख्या: २४

पत्रिकाको १२ र १३ अंक संयुक्त रूपमा प्रकाशित छ र यो ८ पृष्ठको छ। पत्रिकाले आफुलाई प्रजातन्त्रको पक्षमा उभ्याएको दावी गरेको छ।

## 27. खसोखास (अर्ध-साप्ताहिक)

- साइज: २५×१८सेमी
- सम्पादक।प्रकाशक: भोजबहादुर सिंह न्यौपाने
- प्रकाशन शुरू मिति: असार १५, २००९
- मूल्य: वार्षिक: नेपाल शहरलाई: मोरू. १०, डाँकबाट जाने ठाउँलाई कंरू: १२, एकप्रतिको: १० पैसा
- मुद्रक: वागीश्वर छापाखाना, झोंछे, नेपाल
- मपुपु माइक्रोफिल्म नं: त्र १०३/१
- एक्सपोजर संख्या: २१

यस पत्रिकाले पनि प्रजातन्त्रको पक्षमा कलम चलाएको दावी गर्छ। समाचारप्रधान पत्रिका भएकाले समसामयिक समाचार र पाठकपत्रलाई प्रमुखताका साथ प्रकाशन गरेको देखिन्छ। यो पत्रिका साधारण कागजमा ८ पृष्ठमा प्रकाशित छ। यो पत्रिकाले आफ्ना हरेक अंकमा पत्रिकाको नामको ब्लक परिवर्तन गरेको भेटिन्छ।

## 28. छात्र (नेपाली सचित्र वार्षिक पत्रिका)

- साइज: १७×२४ सेमी
- सम्पादक मण्डल: तेजबहादुर प्रसाई, हरिप्रसाद शर्मा, निरञ्जन शर्मा, इन्दिरादेवी[13]
- मुद्रक:- राजनिधि त्रिपाठी, शिवराम प्रेस, मध्यमेश्वर बनारस
- प्रकाशन मिति: २००७
- मपुपु माइक्रोफिल्म नं: त्र १०५/१
- एक्सपोजर संख्या: २८०

यो काशी हिन्दू विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरूको प्रकाशन हो। हुनत यसमा प्रकाशकको नाम दिइएको छैन तर काशी हिन्दू विश्वविद्यालयको लोगो राखिएको छ।

---

[12] संपादक र प्रकाशक पछि फेरिएको। यसको माथि उल्लेखित बाहेकका अरु अंक उपलब्ध नभएकोले पहिला सम्पादक को थियो भन्न सकिएन ।

[13] वर्ष ११, अंक ५, २०१३ को अंकमा रहेका सम्पादक मण्डलको नाम यस प्रकार छ: प्रधान सम्पादक: रमेशजंग थापा, सम्पादक मण्डल: तारानाथ शर्मा, मुकुन्दप्रसाद घिमिरे, अग्निप्रसाद रिजाल र गोविन्द भट्ट।



Draft

यसको बाहिरी कभर पृष्ठमा भानुभक्तको फोटो तथा काशी विश्वनाथ र नेपालको पशुपतिनाथ मन्दिरको तस्बीर राखिएको छ जसको तल D.L.Bohara लेखिएको छ। यसले आफ्नो वर्ष २ अंक १, Dec. १९५१ को अंकमा पत्रिकाको लागि दिइएका शुभकामनाबाट पत्रिका शुरू गरेको छ।[14] यी शुभकामनाहरूमा राजा त्रिभुवन (२६-११-१९५१), मोहन शमशेर जबरा (१० नोभेम्बर १९५१) शारदा शमशेर (शिक्षामन्त्री) विजय शमशेर जबरा (भारतका लागि नेपाली राजदुत), अमरनाथ झा, लेखनाथ पौड्याल, वालकृष्ण सम, धरणीधर शर्मा, सूर्यविक्रम ज्ञवाली, हृदयचन्द्रसिंह प्रधान, नारायणप्रसाद उपाध्याय (युगवाणी सम्पादक) देवकुमारी (हिमाल कीशोरकी सम्पादिका) आदिका उल्लेख्य छन्।

यसमा महाकवि देवकोटा, यादव प्रसाद पन्त, गोविन्द प्रसाद लोहनी, इन्द्रराज मिश्र, धुयास्वां सायमी, शिवप्रसाद उपाध्याय, महाप्रसाद रिजाल, नगेन्द्र प्रसाद रिजालहरूका लेखहरू समावेश छन् भने। हाम्रा दाताहरू भनेर हिरण्य शमशेर जंगबहादुर राणा, शारदा शमशेर (शिक्षा मन्त्री) सुवर्ण शमशेर (अर्थ मन्त्री) हितमान शेरचन्द, मातृका प्रसाद कोइराला (प्रधानमन्त्री), विश्वेश्वर प्रसाद कोइराला, गणेशमान सिंह (भूमि-व्यवस्था मन्त्री) आदिका तस्बीरहरू प्रकाशित छन्। यो साहित्यिक पत्रिका हो र यसले आफ्ना केही रचनाहरू अंग्रेजी भाषामा पनि प्रकाशित गरेको छ।

## 29. जागृति

- साइज: २३×१८ सेमी
- प्रकाशक: प्रचार र सूचना विभाग, शिक्षामन्त्रालय, सिंहदरबार, काठमाण्डौ
- मूल्य: नेपाली: ५, भारतीय: ६ प्रति अंक: ।५०, शिक्षण संस्थालाई वार्षिक मुल्य: २।५०
- प्रधान सम्पादक: शारदाप्रसाद उपाध्याय
- कार्यकारिणी सम्पादक: लवबहादुर “कपिल”
- सह-सम्पादक: पुष्करप्रसाद शर्मा
- प्रकाशन शुरू मिति: २००९
- मुद्रक: बागिश्वर छापाखाना, झोंछे, काठमाण्डौ
- मपुपु माइक्रोफिल्म नं: त्र ७५/१
- माइक्रोफिल्म एक्सपोजर: २८८

यो मासिक साहित्यिक पत्रिका हो। यसमा प्रकाशित सामग्रीहरूमा गीत, कविता, कथा, साहित्य सम्बन्धी लेखहरू छन्। यसले आफ्नो बाहिरी पृष्ठ रङ्गीन कागजमा छापेको छ। यसको पृष्ठ संख्या ३२ देखि ४४ रहेको छ। यसमा दौलतविक्रम विष्ट, भीमनिधी तिवारी, माधवप्रसाद घिमिरे, धर्मराज, चूडानाथ, हृदयचन्द सिंह, जस्ता स्रष्टाहरूका रचनाहरू प्रकाशित भएका छन्। यो मासिक पत्रिका भएपनि यसको प्रकाशन नियमित भएको देखिदैन। दोस्रो अङ्कमा भीमनिधि तिवारी, हृदयचन्द्रसिंह प्रधान, लवबहादुर ‘कपिल’, यादवप्रसाद पन्त, हुतराम वैद्य, कुलधर्मरत्न यमि आदिको रचना देखिन्छ।

यसमा प्रकाशन भएका सामग्रीहरूका लेखकको संक्षिप्त परिचय यसले बिषयसूचीमै प्रकाशित गरेको छ। यसले हरेक दोस्रो अंकमा बाहिरी पृष्ठको कागजको रंग परिबर्तन गरेको छ र दोस्रो अंकदेखि प्रकाशकमा आधार साहित्य समिति थपेको छ। (यसको प्रकाशक प्रचार र सूचना विभाग, शिक्षामन्त्रालय, सिंहदरबार, काठमाण्डौ हो र दोस्रो अंकदेखि त्यसमा आधार साहित्य समिति थपेर आधार साहित्य समिति, प्रचार र सूचना विभाग, शिक्षामन्त्रालय बनाएको छ।

## 30. दर्शन (सामयिक पत्रिका)

- साइज: २३×१८ सेमी
- प्रकाशक: नेपाल दार्शनिक संघ, प्रकाशन विभाग, काठमाण्डौ
- प्रकाशित मिति: २००९, असार ४
- मुद्रक: जोरगणेश प्रेस
- मुल्य: ।२०
- मपुपु माइक्रोफिल्म नं: त्र ७७/१
- एक्सपोजर संख्या: २६

[14] यसको शुभकामना र आशिर्वादहरू प्रकाशित शुभकामना दिने व्यक्तिहरूको नाम माथि नै उल्लेख छ र ती शुभकामनामा लेखिएअनुसार यो छात्रको दोस्रो पटक को शुरुवात हो तर यसमा यो पहिलो पटक कहिले प्रकाशित भयो लेखिएको छैन। तर यसको दोस्रो वर्षको पहिलो अंकको कभरमा वार्षिक अंक ५१ लेखिएको छ।



Draft

यो पत्रिकाले दर्शन शास्त्रसँग सम्बन्धित सामग्रीहरू प्रकाशित गरेको देखिन्छ। यसले आफ्नो बाहिरी पृष्ठका लागि रंगीन कागज प्रयोग गरेको छ। नेपाल दार्शनिक संघलाई प्राप्त भएका शुभेच्छाहरूको केही अंश पनि पत्रिकामा प्रकाशित भएको छ। यसरी शुभेच्छा दिनेहरूमा श्री ५ महाराजधिराज, (३० मे १९५२), डा सर्वपल्ली राधा कृष्णन्, प्रो एन् ए निकाम (इण्डियन फिलोसफीकल कांग्रेस), विश्वेश्वरप्रसाद कोइराला आदि रहेका छन्। पत्रिकामा लोचननिधि तिवारी, पुरूषोत्तमराज एम. ए., विष्णुप्रसाद, गोपालनिधि वेदान्ताचार्य, लक्ष्मीप्रसाद देवकोटा, ऋषभदेव शर्मा आदिका लेखहरू समावेश छन्।

## 31. नौलो पाइलो[15]

- साइज: २८x१९ सेमी
- प्रकाशक-सम्पादक: कोशराज रेग्मी (जन-सांस्कृतिक सभा)
- प्रकाशन मिति: २०१३-२०१५
- मपुपु माइक्रोफिल्म नं १२१/३

यो पत्रिकामा तारानाथ शर्मा, बालकृष्ण सम, भिमनिधी तिवारीहरूका रचनाहरू पढन पाइन्छन्। यो पत्रिका हेरेर यो साप्ताहिक, मासिक वा वार्षिक के हो भन्ने खुल्दैन।

पत्रिकामा प्रकाशित एउटा विज्ञप्ति चाखलाग्दो देखिन्छ। यसले आपसी विवाद वा असमझदारीले पत्रिका प्रकाशनमा व्यवधान भएको बुझ्न सकिन्छ। “मेरो खुल्ला राजीनामा” शीर्षकमा सम्पादक तथा प्रकाशक कोशराज रेग्मीले लेख्नुभएको छ: “ मैले जन-सांस्कृतिक-सभा प्रकाशनका हरेक प्रकाशनलाई तंपाईंहरूको साथली सुसंगठितरूपमा निकाल्ने प्रयत्न गरेको चार वर्ख भयो। अनि खासगरी ‘नौलो पाइलो’ निकाल्न थालेको तीन वर्ख भयो। यस बिचमा यसका यो समेत ६ अंक निक्लिए। तर हाम्रो संगठन र शक्ति यसरी घट्दै गएको मापदण्ड यस्तो छ: पहिलो बर्ख चार अंक चार थानको जम्मा २८ फर्माको सामग्री, दोस्रो बर्ख पहिलो र दोस्रो संयुक्त रूपको एक अंकमा ११ फर्माको सामग्री र यो तेस्रो बर्खको अन्तिम संस्करणमा ५ फर्माको सामग्री समेत जम्मा ४४ फर्माको सामग्री हुन गयो। पहिलो बर्खको २८ फर्माको हिसाबले तीनै बर्ख हाम्रो संगठन राम्रो भएको भए ८४ फर्माको सामग्री हुनुपर्ने थियो”।

बालकृष्ण पोख्रेलले यस विषयमा जानकारी दिंदै पत्रिकामा लेख्नु (हस्तलिखित)भएको छ (यसको दस्तखतमा बालकृष्ण पोखरेल, २०२०/११/९ लेखिएको छ)-  “यो हो नौलो पाइलाको पछिल्लो चाहिं फड्को। यो अंक छापिंदै थियो चन्द्र प्रेस विराटनगरबाट। प्रेसका व्यवस्थापक थिए विरगञ्जे कवि तारानाथ नेपालका भतिजा हीरूवा (तारीणीप्रसादको पालाका रेडियो डाइरेक्टर)। हीरूवाज्यू र कोशराजज्यूको बिचमा हिसाबको सम्बन्धमा मनिमालिन्य बढ्दै गएकोले छापिंदा छापिंदै अपूर्ण अवस्थामै यो अंक प्रेसको बम्वेमा कोचियो। बजारमा पनि पुगेन। बाँकी पत्र पनि छापिएन”। यो कुराले यो पत्रिका यसपछि बन्द भएको कुरा खुलाउँछ।

## 32. कम्युनिष्ट (पाक्षिक प्रचार पत्र)

- साइज: ३५×२५ सेमी
- प्रकाशक: नेपाल कम्युनिष्ट पार्टी
- प्रकाशन मिति: सन् १९५०
- मुद्रक: सुलभ प्रेस, पटना
- मपुपु माइक्रोफिल्म नं: १०९/१
- एक्सपोजर सख्या: ८

पत्रिकाले कम्युनिष्ट दर्शनसँग सम्बन्धित लेख-रचनाहरूलाई  प्राथमिकता दिएको देखिन्छ। यसले गैर कम्युनिष्ठ खेमाका राजनैतिक दलहरूका विरूद्ध पनि समाचार प्रकाशित गरेको देखिन्छ। यसले आफ्नो नामसँगै पाक्षिक प्रचार पत्र लेख्नु पनि यो कम्युनिष्ट पार्टीको

[15] झर्रो नेपाली कुरा, संस्कृति र साहित्यको नमूना



Draft

प्रचारको लागि प्रकाशित भएको पुष्टि गर्छ।[16] यसले पत्रिकाको मास्टहेडमा पाँच चुच्चे ताराको माथि हँसिया हथौडा अंकित लोगोको प्रयोग गरेको छ । यसको एक प्रति (वर्ष २ अङ्क १२)मात्र उपलब्ध छ।

## 33. बालसखा[17] (मासिक पत्रिका)

- साइज: २३x१८ सेमी
- प्रकाशक: नेपाल बालसखा दल, प्रकाशन विभाग, काठमाण्डौ
- मुद्रक: नेपाल टुडे प्रेस
- प्रकाशित मिति: २००८ माघ
- मुल्य: वार्षिक: मोरू. ३, एकप्रतिको: ।२५ पैसा
- मपुपु माइक्रोफिल्म नं: ७९/१
- एक्सपोजर संख्या: ५७

मदन पुरस्कार पुस्तकालयमा उपलब्ध बालसखाको दोस्रो अङ्क (वर्ष १ अङ्क २, २० माघ २००८) लिथो मेशिनबाट प्रकाशित भएको देखिन्छ। यो पत्रिकाले बालबालिका सम्बन्धी समाचारहरू प्रकाशन गर्ने गरेको देखिन्छ। यसमा प्रकाशित सामग्रीहरूमा बालसखा दलले आयोजना गरेका खेलकूद प्रतियोगिताका नतिजा, बालसखा दलका गतिविधी र चुटकिलाहरू रहेका छन्।

## 34. प्रभात

- साइज: २४×१६सेमी
- सम्पादक: एल.एस. बाङ्गदेल (लैनसिंह बाङ्गदेल)
- सह सम्पादक: रूपनारायण दाहाल र जे बी तामङ्ग
- प्रकाशक: एस.बि. बुबना
- प्रकाशन मिति:- सन् १९५० सेप्टेम्बर
- मुद्रक: राष्ट्रिय साहित्य प्रेस, कलकत्ता
- मुल्य: दाम: एक रूपिँया
- मपुपु माइक्रोफिल्म नं: त्र ६९/१
- एक्सपोजर संख्या: ३५७

यो पत्रिका सचित्र साहित्यिक पत्रिका हो। तर यसमा छोटा समाचारहरू पनि समाविष्ट देखिन्छन्। यो पत्रिकाले सिनेमा समाचार तथा खेलकूद समाचार पनि प्रकाशित गरेको देखिन्छ। यसमा प्रकाशित सामग्रीहरूमा कथा, कविता, गीत, नाटक तथा समसामयिक लेखहरू छन्। यसमा श्रीकान्त, हृदयचन्द्र सिंह प्रधान, भीमनिधी तिवारी, बदरीनाथ भट्टराई, विजयबहादुर मल्ल अगम सिंह गिरी,बाबुलाल प्रधान, श्यामप्रसाद शर्मा, गणेशलाल सुब्बा, गुरुप्रसाद मैनाली, माधवलाल कर्माचार्य, दौलतविक्रम विष्ट, चित्तरञ्जन नेपाली, सिद्धिचरण श्रेष्ठ जस्ता साहित्यकारहरूका रचनाहरू पढ्न पाइन्छ।
यो पुस्तकको आकारमा पुस्तककै शैलीमा प्रकाशित छ।यसको बाहिरी पृष्ठमा माथितिर रातो पृष्ठभूमिमा सेतो सूर्य र त्यसको तल चराहरू उडदै गरेको आर्ट गरिएको छ।(वर्ष २, अंक १, १९५१, सेप्टेम्बर, अक्टोबर) यो अंक बिशेषांकको रूपमा प्रकाशित अंक हो। यसमा उपन्यास तथा पुस्तकका विज्ञापनहरू पनि प्रकाशित छन् र गीत, सङ्गीत र मनोरञ्जनका अन्य पक्षहरूलाई विशेष प्राथमकिता दिएको पाइन्छ।

---

[16] यसको वर्ष २, संख्या १२ मा प्रकाशित समाचार शिर्षकहरू यस्ता छन्: झापा इलाममा लुटको मालको लागि कांग्रेसी नेताहरुमा झगडा, जनतालाई लुटी आफ्नो पाकेट गरम गर्ने चेष्टा, का. रेग्मीलाई रिहा गर सुरक्षा कानून खतम गर, का. तुलसीलाल र अरू साथी रिहा अपीलमा निर्दोष सावित, कांग्रेसी राज्यमा भारतीय जनताको हालत भुखमरी र गरीबीले गर्दा आत्महत्याको बढती जस्ता समाचारहरू प्रकाशित छन्। त्यस्तै भित्री पृष्ठमा का. हिकमत सिंहको 'दक्षिणपंथी सोसलिस्टहरूको साँचो अनुहार' शिर्षकको लेख प्रकाशित छ।

[17] यसको विज्ञापन यसरी गरिएको छ, "बाल सखा एक मात्र केटाकेटीहरूको मासिक पत्रिका पढ्नुहोस।" बालसखा पत्रिकाको उद्देश्य र नियमहरू यसरी दिइएको छ- १) यो पत्रिका सखा दलको मुख पत्र हुने छ। २) यो पत्रिकाको उद्देश्य बालक-बालिकाको मानसिक शारीक उन्नति गर्नु तथा परस्पर प्रेम र भातृत्वको संचार गर्नु हुनेछ।



Draft

यी पत्रपत्रिकाहरूले तात्कालिन समयमा प्रकाशित पुस्तक तथा पत्रपत्रिकाहरूको जानकारि प्राप्त गर्न सकिन्छ।सबै पुस्तकहरू हाल उपलब्ध नभए पनि के-के पुस्तकहरू र पत्रपत्रिकाहरू प्रकाशित थिए भन्ने कुराको जानकारी लिन सकिन्छ।यसै प्रसङ्गमा एउटा विज्ञापन छ जुन नेपाली फिल्म इतिहास अध्येताहरूका लागि काम लाग्न सक्छ।

"नया युगको सब भन्दा ठूलो खबर

नेपाली जनताले गर्व गर्न पर्ने कुरा

अब नेपालमा हुकुमी शासन खतम भयो अनि जनताको राज्य कायम हुन लाग्यो।नयाँ युगको नयाँ नेपाल नेपाल नेपालीलाई सभ्य, चनाखो अनि समृद्धिशाली बनाउने ठूलो उद्देश्य लिई हाम्रा राष्ट्रसेवी, प्रतिभाशाली लेखक, प्रथम नेपाली फिल्म-कलाकार-निर्देशक श्री डी बी परियारको एकलो चेष्टाले संचालित 'नेपाल फिल्म कम्पनी' द्वारा'

१) श्री मंगलको सारंगी (सामाजिक),

२) नल दमयन्ती (ऐतिहासिक)

३) धर्मको बाटो (सामाजिक)

४) सीता बनबास (धार्मिक)

५) सावित्री सत्यवान (धार्मिक)

इत्यादि उच्चकोटिका चित्र हिंदी र नेपाली भाषामा निर्माण हुने कुरा चल्दै छ।प्रत्येक चित्र एक लाखमा तयार हुनेछ।२० हजार रूपिया लाउने साझीदारले चित्र बनिएको ६ महीना भित्र ५ हजार रूपिया नाफा पाउने छन्। फिल्म व्यवसायमा बसी बसी धेरैलाभ उठाउन सक्नु हुन्छ।यति ठूलो व्यवसायलाई अनेपालीका हातमा जान नदिनोस्।चाँडै लेखा पढी गर्नुहोला।

ठेकाना- डाईरेक्टर

नेपाल फिल्म कम्पनी

९/१ ए. जस्टिस चन्द्र माधव रोड, कलकत्ता- २०"

यसैगरि अर्को विज्ञापन नेपाली आधुनिक संगीत सम्बन्धी प्रकाशित पुस्तकको छ। "...नेपाली जातीय गीत औ सुमधुर गानको अपूर्व समावेश-साथै प्रत्येक गीतको नोटेशन समेत भएको यो पुस्तक साँच्चि नै एउटा अनौठो चीज भएको छ।

संगीतकार

श्री दलसिंह गहतराज बीए

गीतकार हुन्-

जयनारायण गिरी, एम् एम् गुरूङ्ग, वीरेन्द्र सुब्बा, हर्कमान राई..." *(वर्ष १ अङ्क ७, १९५१ मार्च)*

Draft

### 35. खेतिपाती (कृषि मासिक पत्रिका)

- साइज: २४x१८ सेमी
- प्रकाशक: जिल्ला कृषि अध्यक्ष दार्जिलिङ्गद्वारा कृषि विभाग, पश्चिम बंगाल सरकारका निम्ति[18]
- सम्पादक: अशोक कुमार दास गुप्ता
- सह-सम्पादक: रामप्रसाद लामा
- प्रकाशन मिति: २०१०
- मुद्रक: नगेन्द्रमणि प्रधान, मणि प्रिण्टिङ् प्रेस, दार्जिलिङ्ग
- मपुपु माइक्रोफिल्म नं: त्र १०२/१
- एक्सपोजर संख्या: ४२७

यस पत्रिकाको मूल्य लेखिएको छैन। यसको बाहिरी पृष्ठमा खेत जोत्दै गरेको किसान, एउटा सानो घर र खेतबारीको रेखाचित्र छ र यो साधारण श्याम श्वेत कागजमा छ। यो सचित्र मासिक पत्रिका हो। यसमा कृषि सम्बन्धी लेखहरू, सम्मेलनहरूका समाचार प्रकाशित छन्। यसमा प्रकाशित सामाग्रीहरू नेपाली र अंग्रेजी दुवै भाषामा रहेका छन्। यसले वर्ष ७ देखि मुद्रक तथा सम्पादक र सह-सम्पादक परिवर्तन गरेको छ। त्यसपछि मुद्रकमा के. बि. रोका, हिमालयण प्रिण्टिङ् वर्क्सको जिम्मेवारी छ भने सम्पादकका रूपमा बी. एल. भोमिक र सह-सम्पादकमा पदम कुमार गजमेरले आफ्नो जिम्मेवारी निर्वाह गरेका छन्।

### 36. शिक्षा समाचार ( पाक्षिक पत्रिका)

- साइज: २३×१८ सेमी
- प्रकाशक: नेपाल सरकार, सूचना तथा प्रचार विभाग, शिक्षा विभाग
- सम्पादक: L. B. Kapil
- मुद्रक: चतुरमान श्रेष्ठ, हिमा हारती प्रेस, लगन, डँलाछीं टोल, काठमाण्डौ
- पहिलो पटक प्रकाशित मिति: २०१० बैशाख १ गते
- बार्षिक मूल्य: मोरू २ वा कंरू ३,एक प्रतिको: ।८

यो पत्रिका पुस्तकको आकारमा एक कोलममा प्रकाशित छ। यसमा सम्बन्धी समाचारहरू र नेपालभित्र सञ्चालित विद्यालयहरूको विवरण समेत प्रकाशित छ। यसले आफ्नो दोस्रो अंकलाई विशेष अंकको रूपमा प्रकाशित गरेको छ र यसलाई 'नेपाल भरका स्कूलहरूको विश्वस्त तथ्याङ्क' का रूपमा दावी गरेको छ। यसको बाहिरी पृष्ठमा एकजना बालकको फोटो समेत प्रकाशित गरिएको छ।

### 37. सन्देश (अर्ध-साप्ताहिक)

- साइज: २४×१८सेमी
- पहिलो पटक प्रकाशित मिति: २००८ भाद्र १० गते
- सम्पादक मण्डल: विजयबहादुर, गोपालदास, होराप्रसाद, चित्तरञ्जन
- प्रकाशक: नेपाली कांग्रेस, उपत्यकाञ्चल
- मुद्रक: जोरगणेश प्रेस
- मूल्य: ।२ पैसा

यो पत्रिका साधारण कागजमा ४ पृष्ठमा प्रकाशित छ । यसले आफ्नो बाहिरी पृष्ठमा पत्रिकाको नामसँगै चारतारे झण्डा राखेर प्रकाशित गरेको छ । यो नेपाली कांग्रेस समर्थित पत्रिका हो र यसमा प्रकाशित सामग्रीहरू नेपाली कांग्रेससँग सम्बन्धित रहेका छन्।

---

[18] यो पत्रिका १६ सदस्यीय प्रकाशन समिति बनाएर प्रकाशन गरिएको छ र प्रकाशन समितिका सभापतिमा दार्जिलिङ्गका डेपुटी कमाण्डर रहेका छन् ।



Draft

यसले आफ्नो पहिलो अंकमा 'सन्देश निस्किरहेछ किन?' भन्ने शीर्षकमा सम्पादकीय लेखेको छ र यसमा एकतन्त्रीय शासनको अन्त्यको लागि जनतासम्म नेपाली कांग्रेसको सन्देश पुर्याउने यसको उद्देश्य हो भन्ने लेखिएको छ । ( वर्ष १, अंक १, २००८, भाद्र)। यसको दोस्रो अंकमा यसले आफ्नो नाम रातो मसीले छापेको छ ।

## 38. विद्यार्थी ( सचित्र साहित्यिक मासिक)

- साइज: २३ ×१८सेमी
- पहिलो पटक प्रकाशित मिति: २००९ भाद्र
- सम्पादक: भारतप्रसाद धिताल
- उप-सम्पादक: नरेन्द्र विक्रम शाह
- प्रबन्ध सम्पादक: इन्द्रविलास अधिकारी
- सह-सम्पादक: लोकविक्रम थापा, द्वारिकाप्रसाद श्रेष्ठ, विनयप्रसाद शर्मा
- प्रकाशक: दरबार हाईस्कूल छात्र-संघ, काठमाण्डौ, नेपाल
- मुद्रक: भगवती प्रेस, ठहिंटी, काठमाण्डौ
- मुल्य: वार्षिक: मोरू. ३।–, कं.रू. ४, प्रतिकपि: -।३० कं.रू।-

यो पत्रिकाको बाहिरी पृष्ठ मोटो "रंङ्गीन" कागजमा प्रकाशित छ । यसमा विशेष गरेर विद्यार्थीहरूका रचना सामग्रीहरू रहेका छन्। तथापि अन्य साहित्यकारहरू (बालकृष्ण सम, माधवप्रसाद घिमिरे) का रचनाहरू समेत प्रकाशित भएको देखिन्छ । यसका सबै सामग्रीहरू एक कोलममा प्रकाशित भएको देखिन्छ। ( प्रयास १, प्रकाश १, भाद्र २००९)। पत्रिकाको अन्तिम केही पृष्ठहरूमा फोटोहरू छापिएका देखिन्छन्। जसमा नेपालका चैत्यहरू, साहित्यकार तथा विदेशका फोटोहरू प्रकाशित भएको देखिन्छ । ( प्रयास २, प्रकाश २ आश्विन २००९) । यसको तेस्रो र चौथो अंक संयूक्त रुपमा प्रकाशित छ । यो पत्रिका २००९ पुस महिनासम्म प्रकाशित भएर बन्द भएको देखिन्छ। प्रकाश (अङ्क) ५, २००९ पुसको अंकमा यो बन्द हुने कारण खुलाईएको छैन। यसपछि यो पत्रिका प्रयास १, प्रकाश ६-११, २००९, २०१०, माघ- आषाढ को मिति राखेर प्रकाशित भएको छ र यसको बाहिरी पृष्ठ पनि पातलो कागजमा प्रकाशित छ। यसले आफ्नो कभरको भित्र सानो कागजको टुक्रामा "हाम्रो सूचना" मा विद्यार्थी पत्रिकाको आर्थिक सहयोगको लागि सरकारसँग माग राखिएको र सरकारी तवरबाट कुनै जवाफ नआएकोले पत्रिका प्रकाशनमा कठिनाइ आएको उल्लेख गर्दै सरकारी सहायता पछि पत्रिका समयमा प्रकाशित गर्ने वाचा तथा पत्रिका बन्द हुने अवस्था आएमा ग्राहकसँगको हिसाब मिलाउने कुरा उल्लेख गरिएको छ।

## 39. परोपकार (मासिक पत्र)

- सम्पादक: दिल्लीबहादुर 'नेपाली'
- सम्पादक मण्डल: दिल्लीबहादुर 'नेपाली', मुरारिकृष्ण, शेषराज दली, दयाबीरसिंह, चन्द्रवीरसिंह, वै. बुद्धिलाल, कुञ्ज बहादुर सिंह, तारादेव भट्टराई
- प्रकाशन मिति: वैशाख २०१० (अप्रेल १९५३)
- साइज: २३x१७.५ सेमी
- प्रकाशक: परोपकार संस्था काठमाण्डु
- मुद्रक: अन्नपुर्ण प्रेस, असन (१२ औं अङ्कमा भने प्रकाशक- प्रचार विभाग परोपकार, काठमाडौं तथा मुद्रक जोरगणेश छापाखाना उल्लेख छ)
- वार्षिक मूल्य: मो. रू. ४, कं. रू. ४, अर्ध वार्षिक २, एकप्रतिको ४० पैसा
- मपुपु माइक्रोफिल्म नं: त्र. १२३/१
- एक्सपोजर संख्या: ३२०

परोपकार संस्थाको संक्षिप्त जीवनीसहित यस संस्थाद्वारा आयोजित विविध कृयाकलाप तथा कार्यक्रमहरूको फोटोग्राफ सहित जानकारी दिइएको छ। यसका अतिरिक्त यस भित्र स्वास्थ्य सम्बन्धी जानकारीहरू तथा कविताहरू पनि समेटिएका छन्।

Draft

२०१०-०१-८ मा प्रकाशित अङ्कको कभर पृष्ठमा "रायल पैलेस काठमाडौं"का नाममा श्री ५ महाराजधिराजबाट "परोपकार"लाई बक्सेको संदेश पनि रहेको छ। परोपकार संस्थाको मुखपत्रका रूपमा रहेको यस पत्रिकाले पत्रिका प्रकाशन गर्नुका उद्देश्यहरू तथा पत्रिकामा प्रकाशित हुने सामग्रीहरूका लागि आवश्यक नियमहरू पनि तोकेको छ। परोपकार संस्था, प्रकाशनको उद्देश्य, पत्रिका विक्री-वितरण एजेन्ट तथा विज्ञापनका सम्बन्धमा विभिन्न जानकारीमूलक सूचनाहरू दिइएको छ।

१) नेपालमा स्वास्थ्य, शिक्षा, समाज र साहित्यको उन्नति गर्ने।
२) १० नं बुँदामा एजेन्टले कमसेकम २० कपी लिनुपर्नेछ र एजेन्टलाई २०% कमिशन दिइने छ।
३) १३ नं बुँदामा विज्ञापन दर दिइएको छ, जुन यस प्रकार छ। कभर पृष्ठमा प्रति कलम प्रति इन्च २।– (एकपटक) तथा अन्य पृष्ठमा प्रतिकलम प्रति इन्च १/- (एकपटक)

अन्य कतिपय पत्रपत्रिकाहरूमा जस्तै यसमा पनि सो समयमा प्रकाशित हुने अन्य पत्रपत्रिका (जस्तै "जनमत")को विज्ञापन गरिएको छ।[19] परोपकार (मासिक) वर्ष ३, २०१२ तिर पुग्दा यसले विस्तारै इतिहास, संस्कृति, साहित्यीक सामग्रीहरूलाई पनि समेटेको छ। वर्ष ३ अङ्क २-३ (जेठ असार २०१२)मा गएर सम्पादकका रूपमा मुरारिकृष्ण शर्मा तोकिएका छन्।

## 40. विहान (गोर्खा छात्र संघ देहरादून)

- प्रधानसम्पादक: रघुबीर सिंह क्षेत्री
- सहायक सम्पादक: नारायण प्रसाद श्रेष्ठ (पछि गएर टेकबहादुर थापा, जी. पी. थापा)
- मुद्रक: डा. जे. ऐन. वैश्य, जुगल किशोर ईलै प्रेस, रामा मार्केट देहरादून।
- प्रकाशक: श्री रघुवीर सिंह क्षेत्री, गोर्खा छात्र संघ देहरादून
- साइज: २३.५x१८ सेमी
- मूल्य: ६ आना
- मपुपु माइक्रोफिल्म नं: त्र. ७९/१
- एक्सपोजर संख्या: ११२

मदन पुरस्कार पुस्तकालयमा रहेको वर्ष २ को वार्षिकाङ्क (अक्तुवर १९५३, कार्तिक २०१०), वर्ष ३ (मई १९५४ वैशाख २०११) अर्ध वार्षिकाङ्क र वर्ष ४ (मई १९५५ जेष्ठ २०१२ अर्ध वार्षिकाङ्क) हेर्दा यसले कथा, लेख तथा कवितालाई प्रकाशन प्राथमिकतामा राखेको देखिन्छ।

## 41. नवनिर्माण

- संपादक: वासुदेव वैद्य "शशी"
- प्रकाशक: नेपाल पुस्तकालय संघ (पशुपति शाखा)
- मुद्रक: अन्नपुर्ण प्रेस, असन
- साइज: २२.५x१७.५ सेमी
- प्रकाशन मिति: २०१२ भाद्र, आश्विन र कार्तिक (वर्ष १ अङ्क १)
- मपुपु माइक्रोफिल्म नं: त्र. ९१/१
- एक्स्पोजर संख्या: ५२

२०१२ भाद्र आश्विन र कार्तिक वर्ष १ अङ्क १को आवरण पृष्ठमा सिद्धिचरणको कविता रहेको छ भने भित्री पृष्ठहरूमा सिद्धिचरण, मोहन हिमाशु थापा, लक्ष्मीप्रसाद देवकोटा, वालकृष्ण सम, धर्मराज थापा लगायतका लेख-रचना र कविताहरू पनि देखिन्छन्।

[१९] अङ्क २ २०१० साल जेठ



Draft

विभिन्न पुस्तकालयहरूलाई सहयोग गर्नुपर्ने विज्ञापनहरू पनि यसमा भेटिन्छन्। नयाँ प्रकाशित पुस्तकहरूको विज्ञापन तथा पुस्तकालय सम्बन्धी विविध प्रकारका जानकारीहरू भेटिन्छन्। पत्रिकाको दोस्रो अंङ्कमा विशेष संरक्षकका रूपमा “श्री माननीय केशर शमशेर” को नाम उल्लेख छ।
हृदयचन्द्र, वदरीनाथ, लक्ष्मीप्रसाद, वालकृष्ण, सिद्धिचरण, माधवप्रसाद, माधवमान, पुण्यरत्न लगायतका लेख र पुस्तकालयसँग सम्बन्धित जानकारीहरूको बाहुल्यता देखिने यस पत्रिकाका कतिपय अङ्क (वर्ष १ अंङ् ३) मा नेवारी भाषाका सामग्रीहरू पनि समावेश भएको देखिन्छ। यस समयका धेरै पत्रपत्रिकाहरूमा देखिने विज्ञापन दर रेट यस पत्रिकामा पनि देख्न सकिन्छ। [20]

## 42. जनविकास

- संपादक: यादव पंत
- प्रकाशक: रामदेवी पंत
- मुद्रक: पशुपति छापाखाना
- साइज: २२X१७.५ सेमी
- प्रकाशन मिति: श्रावण २०१० (जुलाई अगस्त १९५३) (वर्ष १ अङ्क १)
- मूल्य: मोरू /५०
- वार्षिक चन्दा नेपाली: मोरू ५/५०
- भारती रू: ६
- मपुपु माइक्रोफिल्म नं: त्र. १०७/१
- एक्सपोजर संख्या: १३८

राजनीतिक लेख तथा विचारहरू समावेश यस पत्रिकामा प्राय: अन्यमा जस्तै विज्ञापन दर दिइएको छ।[21]
पत्रिकामा पुस्तक समालोचना पनि समावेश छ। पत्रिकामा नयाँ अङ्कसँगै पृष्ठसंख्या पनि थप गर्दै लगिएको छ, जस्तै: वर्ष १ अङ्क २- २०१० भाद्रको अङ्क पेज २८देखि शुरू भएर पेज ५३ गएर टुङ्गिन्छ भने वर्ष १ अङ्क ३ (आश्विन २०१०) पेज ५४-७७ वर्ष १ अङ्क ४ (कार्तिक २०१०) पेज ७८-१०४ तथा वर्ष १ अङ्क ५ (मार्ग २०१०) पेज १०५-१२८मा गएर टुङ्गिन्छ।

## 43. उज्यालो (सात दिने खबर कागत)

- सम्पादक मण्डल: कमल प्रसाद घिमिरे, वीर प्रसाद श्रेष्ठ, डम्बर बहादुर कार्की,
- प्रकाशन मिति: २०१२
- प्रकाशन स्थान: विराटनगरबाट प्रकाशित
- मपुपु माइक्रोफिल्म नं: त्र.९६/३
- एक्सपोजर संख्या: ११
- मूल्य: चार पैसा

---

[20] विज्ञापनको दर रेट यस प्रकार रहेको छ।

| | |
|---|---|
| एक पेज | १५/ |
| आधा पेज | ७/ |
| चौथाई | ४/ |
| बाहिरी कभर पेज | २५/ |
| भित्री कभर पेज | २०/ |

[21] विज्ञापन दर: एक पेज रू २५
टाइटलको अन्तिम पेज रू ३०
आधा पेज या एक रू १५
आधा कालम रू ८



Draft

यसको एउटा अङ्क वर्ष १ संख्या २ (२०१२ मार्ग २४ शुक्रवार) मात्र प्रकाशित भएको देखिन्छ। यसले साहित्यिक कथा, र सामाजिक तथा राजनीतिक विषयवस्तु समेटेको छ।

### 44. स्वतन्त्र नेपाली (साप्ताहिक)

- सम्पादक: ठाकुर चन्दन सिंह, भारत
- साइज: ३८ सेमी
- स्थान: देहरादुन
- मूल्य: वार्षिक ९) रू, ६ मासको ५) रू, एकप्रतिको ।) आना, विदेश १३/
- प्रकाशन तथा मुद्रण: स्वतन्त्र नेपाली कार्यालय देहरादूनका निमित्त श्री ठा. चन्दन सिहज्यूद्वारा भाष्कर प्रेसमा मुद्रित एवं प्रकाशित।
- प्रकाशन मिति: २०११-०५-०५ (२१ अगस्त १९५४) (वर्ष १, संख्या १)

पत्रिकालाई सचित्र साप्ताहिक भनिएको छ। यसको पहिलो अङ्कमा "श्री ५ महाराजाधिराज नेपाल राणा मण्डल सहित" लेखिएको क्याप्सन सहित एउटा फोटो छ। यसले विशेषत: राणा प्रधानमन्त्री भाइभारदार तथा राजाको फोटोहरू नियमित रूपमा प्रकाशित गरेको देखिन्छ। नेपालसम्बन्धी समाचारलाई प्राथमिकताका साथ प्रथम पृष्ठमा प्रकाशित गरेको देखिन्छ भने अन्य समाचार, विचारमुलक लेख तथा अनुवादित लेखहरू पनि नियमित रूपमा प्रकाशित भएको देखिन्छ।
सम्पादकीय विचार कोलम अन्तर्गत क्रमश: "स्वतंत्रता का खोजमा" शीर्षकमा नेपालीमा तथा "स्वतन्त्रता की खोज में" शीर्षकमा हिन्दिमा सम्पादकीय प्रकाशित भएको देखिन्छ। समाचारमुलक यस पत्रिकाको दोस्रो अंकमा बलभद्र कुँवर, द्रव्य शाहका विषयमा लेखिएका लेखहरू समावेश छन्। यस बाहेक यो अङ्कमा कविता पनि समावेश गरिएको छ। राष्ट्रभाषा, हिन्दू संस्कृति, बलभद्र लगायत अन्य "वीर" गोर्खालीको चर्चा पनि पत्रिकामा प्रशस्तै भेटिन्छन्। पाठक पत्रहरू पनि समावेश गरिएको यस पत्रिकामा प्रकाशित हुने सामग्रीहरूमा विस्तारै नेपाली लेखक कविहरूको वाहुल्यता बढ्दै जान्छ।
वर्ष १ अङ्क १६, (मार्ग २२, २०११) पछाडि यसले आफ्नो नेमप्लेटमा परिवर्तन गरेको छ र ग्राफिक्सहरूको प्रयोग बढाएको छ। २०११ मार्ग ३ (वर्ष १ अङ्क २२)को अङ्कमा नेपालमा भइरहेको सत्याग्रह आन्दोलनका वारेमा समाचारहरू सम्प्रेषित छन्। पत्रिकाको नेमप्लेटसँग एउटा सूचना पनि राखिएको छ जुन यस प्रकार छ,-

> Widest Circulation among the Fifteen Million Nepalese residing in all parts of S.E. Asia, including Nepal, Tibet, Sikkim, Bhutan, India, Siam[22], Indo-China, Malaya and East Africa etc.

राजनीतिक इतिहासका दृष्टिकोणले यसको महत्त्व कतिपय अन्य नेपाली समाचार पत्रहरू भन्दा हुन सक्छ किनभने यसले नेपाली राजनीतिक घटनाक्रमलाई राम्रोसँग समेटेको छ। वर्ष १ अङ्क २८, फागुन १८ २०११ मा यसले प्रमुख हेडलाइनमा "फ्रान्सबाट नेपाल सम्राटको शाही सन्देश" र सबहेडलाइनमा "श्री ५ युवराजधिराजलाई पूर्ण शाही अधिकार" शीर्षकमा समाचार छापेको छ। ठीक अर्को अङ्कमा (अङ्क २९, २०११) "कोइराला मन्त्रीमण्डलको पुनर्विघाटन" नेपालमा अस्थाई शाही शासन र श्री ५ युवराजधिराजको घोषणा आदि समाचारहरू दिइएका छन् भने अङ्क ३०-३१ वर्ष १ (चैत्र २, २०११) मा "श्री ५ महाराजधिराज त्रिभुवन वीर विक्रम शाह देव नेपाल नरेशको देहावसान" तथा "समस्त नेपाल तथा भारतमा शोक" शीर्षक तथा उपशीर्षकमा समाचारहरू दिइएका छन्।
वर्ष १ अङ्क ३५, वैशाख १४को स्वतन्त्र नेपालीको लेआउट डिजाइनिङ्मा धेरै परिवर्तन देखिन्छ र नेमप्लेटमा पनि परिवर्तन देखिन्छ। ३६ अङ्कदेखि "नेपालका वीर सपूतहरू" शीर्षकमा बलभद्र कुँवर (अङ्क ३६ मा), अमरसिंह थापा (अङ्क ३७) का जीवनीमा आधारित नाटकहरू श्रृङ्खलाबद्धरूपमा दिइएको छ। नेपालको राजनीतिक सन्दर्भलाई यस पत्रिकाले निकै विस्तृत रूपमा समेटेको छ।
वर्ष ३ अङ्क ५ (२०१३ फाल्गुन १) को (चुनाव विशेषाङ्क) अङ्कमा ठाकुर चन्दनसिंह उम्मेदवार बनेको सूचना सहित पुरै अङ्कमा केप्टन ठाकुर चन्दहसिंहको तस्बीर सहितको विज्ञापन र भोटका लागि अनुरोध गरिएको छ। यसका लागि हिन्दी, नेपाली र अङ्ग्रेजी भाषा प्रयोग गरिएको छ।

[22] Thailand

Draft

## 45. राँको

- सम्पादक: ईश्वरानन्द श्रेष्ठाचार्य
- प्रकाशन मिति: २००८
- स्थान: काठमाडौं
- प्रकाशक: नेपाल जनवादी प्रजातन्त्र संघको मुखपत्र।
- साइज: ३० सेमी
- मुद्रक: सरस्वती प्रेस, नरदेवी

४ पृष्ठको यस पत्रिकाले आफुलाई सचित्र पत्रिका भनेको छ। मार्ग ३, २००८ को ( वर्ष १ अङ्क ३) र चैत्र १८, २००८ आइतबार, (वर्ष १ अङ्क १९ तथा २०) गरि पत्रिकाको २ अङ्क मात्र उपलब्ध छ।

## 46. मशाल (साप्ताहिक)

- सम्पादक: गणेश प्रसाद श्रेष्ठ
- प्रकाशक: नेपाल कम्युनिष्ट पार्टी
- मिति: २०१०-१२-१८ देखि २०१४-०४-४ (वर्ष१ अङ्क ३ देखि वर्ष ४ अङ्क ५ सम्म)
- मूल्य: डेढ आना
- साइज: ३० सेमी

मदन पुरस्कार पुस्तकालयमा वर्ष १ अङ्क ३ देखिमात्र यस पत्रिकाको उपलब्धता रहेको छ। शुरूमा गोपाल चन्द्र गौतमद्वारा "हिम-हारती प्रेस" लगन दलाछीमा मुद्रित तथा 'मशाल कार्यालय" वटु काठमाडौंबाट प्रकाशित यो पत्रिका पछि गएर आनन्द प्रेस प्याफलबाट पनि प्रकाशित भएको देखिन्छ। त्यसैगरी पछि गएर यो बटुकचन्द्र गौतमद्वारा प्रकाशित भएको देखिन्छ। २०१३ अषाढ १४ बुधबार, अङ्क १ देखि यसको सम्पादन पुष्पलाल श्रेष्ठ (पुष्पलाल) ले गरेका छन् भने २०१३ साल भाद्र २८ अर्थात् वर्ष ३ अङ्क ११ देखि यसको सम्पादकको भूमिकामा बटुकचन्द्र गौतम स्थापित भएका छन् र केही अङ्क पछि पुन: पुष्पलालले नै सम्पादकको भूमिका निर्वाह गरेको देखिन्छ।

## 47. झिल्को (साप्ताहिक)

- सम्पादक तथा प्रकाशक: नारायणप्रसाद बाँसकोटा
- प्रकाशन मिति: २००९
- स्थान: ललितपुर
- मुद्रक: जोरगणेश प्रेस लिमिटेड, नेपाल
- साइज: ३२

यो पूर्णत: समाचारमूलक पत्रिकाका रूपमा देखा पर्छ र यसले आफुलाई "सचित्र पत्रिका"का रूपमा पेश गर्छ। मदन पुरस्कार पुस्तकालयमा वर्ष १ अङ्क २ देखि वर्ष १ नं ४ सम्म (१३ जुलाई १९५२ देखि २९ जुलाइ १९५२) सचित्र

Draft

## 48. नयाँ बाटो

- सम्पादक तथा प्रकाशक: तेजराज तिवारि (सदस्य प्रचार विभाग ने. रा. कां., विशाल नगर)
- पत्रिकाको नाम: नयाँ बाटो (नेपाली राष्ट्रिय कांग्रेसको मुखपत्र साप्ताहिक)
- मुद्रक: नेपाल प्रेस, असन त्यौडटोल नेपाल
- मपुपु माइक्रोफिल्म नं: त्र. ८१/१
- एक्सपोजर संख्या: १००
- मूल्य: प्रति अङ्कको ८ पैसा, कं. रू. एक आना, मोफसललाई कं. रू. ४

समाचारमूलक यस मासिक पत्रिकाले राजनीतिक समाचार तथा विचारहरूलाई समेटेको छ। न्यून विज्ञापन रहेको यस पत्रिकालाई पनि सचित्र भनिएको छ र मदन पुरस्कार पुस्तकालयमा २०१०-०५-२७ देखि २०१०-१२-२० (वर्ष१ अङ्क ३ देखि अङ्क ८ सम्म)को अङ्कहरू मात्र उपलब्ध छ। पत्रिकाले मोफसल र काठमाडौका लागि छुट्टाछुट्टै ग्राहक दस्तुर राखेको छ।

## 49. हुरी

- सम्पादक: हृदयराज बोहरा
- प्रकाशन मिति: सन् २८ नोभेम्बर १९५५
- स्थान: बिराटनगर
- प्रकाशक: हृदयराज बोहरा,
- मुद्रक: कृष्ण प्रिण्टिङ्ग प्रेस, बिराटनगर
- साइज: २८ सेमी
- मूल्य: १ आना

समाचारमूलक यस पत्रिकाको वर्ष १ संख्या १ (सन् २८ नोभेम्बर १९५५) र २ (सन् ४ डिसेम्बर १९५५)मात्र भेटिन्छ यसपछि यो पत्रिका बन्द भएको र पछि आँधीका नाममा निस्किएको जानकारी मदन पुरस्कार पुस्तकालयको वेवसाइटबाट प्राप्त हुन्छ।

## 50. आँधी (साप्ताहिक)

- सम्पादक: कर्ण शमशेर
- प्रकाशन मिति: २०१२ माघ ८
- प्रकाशक: हृदयराज बोहरा, कृष्ण प्रिण्टिङ प्रेस
- साइज: २८ सेमी
- स्थान: बिराटनगरबाट प्रकाशित
- मपुपु माइक्रोफिल्म नं: त्र. ८४/१
- एक्सपोजर संख्या: २४

फिल्मी विज्ञापन र ग्राफिक्सहरूको व्यापक प्रयोग भएको यस पत्रिकामा विभिन्न प्रिन्टिंङ प्रेसका विज्ञापनहरू देख्न सकिन्छ। यसले आदर्श पुस्तकालय लगायत अन्य पुस्तकालयहरुको सहयोगार्थ अपील पन प्रकाशित गरेको छ। सचित्र साप्ताहिकका रूपमा प्रस्तुत यस पत्रिकाको वर्ष १ संख्या १ (२०१२ माघ ८ ) देखि वर्ष १ सख्या १९ ( २०१३ कार्तिक २) सम्मका अङ्कहरू मदन पुरस्कार पुस्तकालयमा रहेका छन्।



Draft

## 51. राष्ट्रहित (पाक्षिक) स्वतन्त्र विचारधाराको पाक्षिक पत्रिका

- संयुक्त सम्पादक: केदारनाथ न्यौपाने तथा केदारनाथ शर्मा
- प्रकाशन मिति: २००९-०४-१६
- साइज: २२ सेमी
- सम्पादक, व्यवस्थापक, तथा प्रकाशक: केदार नाथ शर्मा, काठमाडौं
- मुद्रक: श्री "वागीश्वर" छापाखाना झोछें, लायकुसाल काठमाडौं।
- मूल्य: वार्षिक मो. रू. ६ तथा एक प्रतिको ।२५

वर्ष १, संख्या १ (२००९-०४-१६) देखि वर्ष १ संख्या ८ सम्म (२००९-०९-०१)को अङ्कहरू रहेको यस पत्रिकाको नीति तथा उद्देश्यहरू यस्तो रहेको छ।

१) यसको नीति हुनेछ- राष्ट्रहितको ख्याल राखी देश, काल तथा परिस्थितिको विचार गरी भएका घटनाहरूको निर्भीक तथा स्वस्थ्य आलोचना गर्ने।

२) यसको उद्देश्य हुनेछ- स्वतन्त्र विचारधारा द्वारा प्रजातन्त्रलाई उपयुक्त जन-मत तैयार गरी प्रजातन्त्रलाई फलाई फुलाई हुर्काउने।

विचारमुलक लेख-रचनाहरूलाई विशेष प्राथमिकता दिएको यस म्यागजिनको दोस्रो अङ्क (भाद्र १, २००९) को लागि भने केदारनाथ शर्मालाई मात्र सम्पादकका रूपमा उल्लेख गरिएको छ। सिद्धीचरण, बालकृष्ण सम, लक्ष्मीप्रसाद, धर्मराज थापा नियमित लेख्ने लेखकहरूका रूपमा देखा पर्छन् भने सामाजिक, आर्थिक राजनीतिक विषयवस्तुका लेखहरूका अतिरिक्त समाचारहरू पनि समावेश भएको देख्न पाइन्छ।

## 52. राष्ट्रवाणी

- प्रकाशक: राष्ट्रवादी गोर्खा परिषद
- सम्पादक तथा प्रकाशक: भैरबवहादुर कार्की क्षत्री
- मुद्रक: श्री 'पशुपति छापाखाना' फसिकेबटोल, काठमाडौं
- साइज: ३१x२० सेमी
- प्रकाशन मिति: २००९

राष्ट्रवादी गोर्खा परिषदद्वारा प्रकाशित यो पत्रिका वर्ष २ संख्या २४ (२०१०-०७-१०) देखि पछाडिका अङ्कहरू मात्र मदन पुरस्कार पुस्तकालयमा रहेका छन्। नेपालको नक्सासँग मिसाएर राष्ट्रवाणी लेखी नेमप्लेट तयार गरिएको यस पत्रिकाले "काठमाडौंबाट प्रकाशित एक मात्र राष्ट्रीय साप्ताहिक"का रूपमा आफूलाई दावी गरेको छ।

## 53. दियालो (महत्त्वपूर्ण खबर छापिने दैनिक)

- सम्पादक: तारिणी प्रसाद कोइराला
- प्रकाशक: तारिणी प्रसाद कोइराला
- साइज: २५x३७.५ सेमी
- मिति: २३ फागुन २०१३ (पूर्णाङ्क १)

- मुद्रक: कल्पना प्रेस, नागपोखरी, नक्साल
- मूल्य: नेपाली मुद्रा प्रचलित छ भने (वार्षिक १६।–, अर्धवार्षिक ९।–, त्रै-मासिक ४।५०, मासिक १।५०, प्रति अंक –।५) यस्मा डाक खर्च सम्मिलित छैन

  भारती मुद्रा प्रचलित भएमा (वार्षिक १६।–, अर्ध वार्षिक ९।–, त्रै-मासिक ४।८)
- मपुपु माइक्रोफिल्म संख्या: त्र. ९.१
- एक्सपोजर संख्या: ३३२

विज्ञापनको दर रेट दिने क्रममा पत्रिकाले नेपाली विज्ञापनलाई र अन्य विज्ञापनलाई छुट्टा-छुट्टै दर रेट कायम गरिएको छ भन्ने कुराको जानकारी दिन्छ तर त्यो अन्य भित्र के समेटिन्छ भन्ने कुरा भने खुल्दैन। नेपाली विज्ञापनलाई पुरा पेजको लागि रू १०० तोकिएको छ भने अन्य विज्ञापनका हकमा पुरा पेजका लागि रू १५० तोकिएको छ।

यस पत्रिकामा हिन्दी फिल्म तूफान और दीयाको विज्ञापन छ जसका वारेमा नेपालका पत्रपत्रिका तथा विद्वान्हरूले गरेको "कमेन्ट" पनि प्रकाशित छ।

नेपाली साहित्यकारको उद्‌गार भनि फिल्मक वारेमा बोलिएका कुराहरूलाई यसरी प्रकाशित गरिएकोछ।

> *"...आबाल वृद्ध वनिता तक सारा युवकको हृदयमा कहीं न कहीं यस चित्रले उज्यालो पार्ला र पार्दछ भन्ने मलाई आशा र विश्वास छ" श्री बालकृष्ण सम*
>
> *"...म सदानन्द (चित्रको नायक) जस्ता लडाकाहरू गरीबको घरमा जन्मिउन् भन्ने कामना गर्दछु।"- श्री लक्ष्मीप्रसाद देवकोटा*
>
> *"तुफान और दीया निश्चय नै सुन्दर चित्र हो"।– श्री केदारनाथ न्यौपाने*
>
> *"यदि हामी असल बिचारले सिनेमा हेर्छौं भने यस्तै सिनेमाहरूको स्वागत गर्नु पर्छ।"- श्री रत्नध्वज जोशी*
>
> *"तुफा और दीया फिल्म भावुकता पूर्णको साथै शिक्षाप्रद पनि छ" – श्री कृष्णचन्द्र सिंह*

यसबाहेक फिल्मका वारेमा पत्रपत्रिकाहरूमा प्रकाशित सामग्रीहरूलाई पनि यसमा समावेश गरिएको छ
जस्तै:-
"तूफान और दीया एउटा हेर्न लायकको चित्र हो"- समाज
"यो पिक्चर भाइ र बहिनीहरूले हेर्नु अत्यन्त आवश्यक देखिन्छ"- समय
तूफान और दीयालाई हामीले जरूर पनि सुन्दर चित्रको स्थान दिनु पर्छ"- हालखबर
तूफान और दीया कर्तब्य परायणको ज्वलन्त उदाहरण र मानव चरित्रको एउटा मार्मिक कहानी हो। श्री शंकरनाथ शर्मा सम्पादक, नेपाल समाचार[23]

संख्या २३ वर्ष १, २०१३ चैत्र देखि पत्रिकामा सह-सम्पादकको व्यवस्था गरिएको छ र सो पदमा आदित्य प्रसाद पुरी नियुक्त हुनुभएको छ। पूर्णत: समाचारमूलक यस पत्रिकामा कार्टुन र ग्राफिक्स, र फोटोहरूहरूको व्यापक प्रयोग गरिएको छ।

## 54. संयुक्त प्रयास (स्वतन्त्र साप्ताहिक)

- सम्पादक: के. एन. अधिकारी (क. ना. अधिकारी)[24]
- प्रकाशक: के. सी. गौतम,
- साइज: ३७X५० सेमी
- प्रकाशन मिति: २०१३ असार ३ देखि २०१७ फागुन २९ सम्म
- मूल्य: वार्षिक रू ४, हुलाकबाट जानेलाई रू ५ एकप्रतिको ८ पैसा
- मुद्रक: अन्नपूर्ण प्रेस।
- मपुपु माइक्रोफिल्म नं: त्र. ५९/1
- एक्सपोजर संख्या: ५९५

---

[23] २५ फागुन, २०१३को वर्ष १, संख्या ३

[24] वर्ष १ अङ्क ३ १७ असार २०१३ सालदेखि भने सम्पादक फेरिएका छन् र सम्पादक मदन शर्मा बनेका छन्।

पूर्णत समाचारमूलक यो साप्ताहिकको वर्ष १ अङ्क १ मा श्री ५ महाराजधिराज महेन्द्र वीर विक्रम शाहदेव शीर्षकमा राजा महेन्द्रको अन्तर्वार्ता प्रकाशित छ। सम्पादकका तर्फबाट अन्तर्वार्ताका विषयमा यस्तो लेखिएको छ, - "श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव ज्यूको शुभ-राज्याभिषेकमा आएका पाउनाहरू मध्ये यहाँबाट हामीले हाम्रा नेपाल नरेश तथा प्रधानमन्त्री ज्यूको साथ गरेको तर्कको प्रतिउत्तर बिचारबाट जो शुभ सन्देश प्रजातान्त्रिक एवं जन तथा राष्ट्र हितैषी प्रगतीशील वार्ता पाउँछौं त्यो जनसामुँ राख्न यस प्रथम प्रयास 'संयुक्त प्रयास' को प्रथम अङ्कमा उध्दृत गरी राख्न लागेका छौं। आशा छ यस बाट हाम्रो देश र नरेशको शुभ आकाङ्क्ष्यामा सारा जनको सहयोगले पूर्ण कामना लक्ष्य तीव्र गतिले भेट्टाउन सक्ला- सम्पादक)

यसले कार्तिक २२ गते २०१३ (वर्ष १ अङ्क २०)मा सयुक्त प्रजातन्त्र पार्टी म.प अञ्चल अधिवेशन विशेषाङ्क निकालेको छ।

तत्कालिन समयका निकै कम पत्रिकाले मात्र प्रयोग गर्ने गरेको कार्टुन यस पत्रिकाले प्रयोग गरेको देखिन्छ (२०१४ भाद्र २ को अङ्कमा)।

थारू भाषा लगायतका अन्य भाषामा "धानका बाला"चुनाव चिन्ह भएको सं.प्र.पा.ने.को चुनाव प्रचार गरिएको पनि देख्न सकिन्छ (२०१५ साल पुस १८) वर्ष ३ अङ्क ३४मा भने यसै अङ्कमा के. आई. सिंहले पोखरामा गरेको भाषण र सिंहको फोटो प्रकाशित पनि गरिएकोछ।

### 55. समय (दैनिक)

- साइज: ३५x५० सेमी
- वार्षिक मोरू: १७, कं रू- १६ (मूल्य सदर र मोफसल गरि विभाजित छ)
- सम्पादक तथा प्रकाशक: माणिकलाल श्रेष्ठ
- प्रकाशन मिति: २०१३ भाद्र
- मुद्रक: श्री पशुपति प्रेस, काठमाडौं
- मपुपु माइक्रोफिल्म नं: त्र. ६०/१
- माइक्रोफिल्म संख्या: ३२७९

स्वतन्त्र "समय" दैनिक का रूपमा परिचित यो पत्रिका २०१३ भाद्र (वर्ष १, अङ्क १) सालदेखि निस्कन शुरू गऱ्यो र २०१५ सालदेखि २०१९ सालसम्म बन्द भई २०२० सालदेखि वर्ष १ नै भएर प्रकाशन शुरू भयो र २०२३ सालसम्म निरन्तर रूपमा चल्यो।

### 56. नेपाल समाचार (दैनिक)

- संपादक तथा प्रकाशक: शंकर नाथ शर्मा
- साइज: ३७x५० सेमी
- प्रकाशन मिति: २०१२ श्रावण ६ गते बृहस्पतिबार, (२१ जुलाई १९५५)
- मूल्य: एकप्रतिको ५ पैसा)
- मुद्रक: 'नेपाल टुडे' प्रेस

यस दैनिकमा दैनिक तापक्रम विवरण पनि दिएको भेटिन्छि। यस बाहेक बजारी विनमयदर[25] र पाठक प्रतिक्रिया पनि यस पत्रिकाको खास विशेषता हुन् जुन अन्य पत्रपत्रिकाहरूभन्दा फरक देखिन्छ। फिल्मका विज्ञापनहरू प्रशस्त देखिने यस पत्रिका पूर्णत: समाचार मूलक दैनिकका रूपमा देखा परेको छ। मदन पुरस्कार पुस्तकालयमा यसका धेरै अङ्कहरू छुटेका छन्। [26] यसले बक्स न्यूजको व्यापक चलन चलाएको देखिन्छ भने विज्ञापनहरू पनि व्यवस्थित रूपमा बक्स बनाएर नै प्रकाशित गरेको देखिन्छ।

[25] वर्ष १ अङ्क १८९ (२०१२ फाल्गुण ११ गते)को बजार विनिमयदर यसरी लेखिएको छ "आज दिउँसो २ बजे भा.रू. १०० को मो.रू. १७४।५०)

[26] वर्ष १ अङ्कहरू ९, १०,११,१६,२२,२८,३२,३३,३५,३८,३९,४३,४७,६९,७०,७३,७५,८२,८४

## 57. प्रगति (नेपाली मासिक साहित्य- संकलन)

- सम्पादक: नारायण बाँसकोटा
- साइज: २८ x२१ सेमी
- मुद्रक: नरेन्द्र यन्त्रालय काशीबाट प्रकाशित[27]
- प्रकाशको ठेगाना: ललितपुर, कोपुण्डोल
- मपुपु माइक्रोफिल्म नं: त्र. ५३/१, त्र. ५३/२, त्र. ५३/३

नेपाली प्रगतिशील साहित्य संकलनका रूपमा परिचित यस पत्रिकाकाको पहिलो अङ्कमा लक्ष्मी प्रसाद देवकोटा, माधवप्रसाद घिमिरे, ओकिउयामा ग्विन, श्यामदास, धर्मराज थापा, लेखनाथ, भिक्षु, बदरीनाथ भट्टराई, शंकरप्रसाद, केशवराज पिंडाली, तारिणीप्रसाद कोइराला, पूर्णबहादुर एम ए, रत्नध्वज जोशी, श्री वीरेन्द्र, बालकृष्ण सम, नारायणप्रसाद वाँसकोटा, नगेन्द्र, शिद्धिचरण तथा श्री ईश्वर बरालका साहित्यिक सामग्रीहरू प्रकाशित रहेका छन्। विशेषत: कथा, कविता, लेख, नाटकहरू समावेश हुने यस मासिकको दोस्रो अङ्कमा लक्ष्मीप्रसाद देवकोटा (२), भिक्षु (३वटा) सिद्धिचरण, विजयबहादुर मल्ल, बाबूराम आचार्य, ईश्वर बराल, सुरेन्द्र बहादुर शाह, पूर्णवहादुर एम ए, रामकृष्ण शर्मा, माधवलाल कर्माचार्य, जनार्दन सम, वदरीनाथ भट्टराई, केशवराज पिंडाली, लिलाध्वज थापा, कृष्णप्रसाद चापागाँई, देवेन्द्रराज, हृदयराज शर्मा, शंकरप्रसाद,नारायण प्रसा बाँस्कोटा, डा नगेन्द्र, लिओनिड आन्द्रेयेम, एवजेनी आल्माजौव, विशवनाथ नरबणे आदिका सामग्रीहरू छन्। एउटै लेखकका २ वा ३ वटासम्म लेख-रचना समावेश यत पत्रिकामा लेख्ने लेखक वा साहित्यकारहरू नै अन्य पत्रपत्रिकाका लागि पनि लेख तथा रचनाका मुख्य श्रोत हुने गर्थे।

पहिलो र दोस्रो अङ्कको मुद्रक नरेन्द्र यन्त्रालय रहे पनि अङ्क ३ को मुद्रक जोरगणेश छापाखाना, नेपाल रहेको छ भने यसको वार्षिक मूल्य १२ र एक अङ्कको मुल्य रू साडे दुई रूपैया रहेको देखिन्छ। शुरूका अङ्कहरूमा केही पुस्तकका विज्ञापन बाहेक अन्य खालका विज्ञापनहरू यसमा देख्न सकिंदैन।

Draft

## 58. नेपाल गजेट

- प्रकाशक: नेपाल सरकार
- मुद्रक: गोरखापत्र छापाखानाबाट प्रकाशित
- प्रकाशन मिति: २००८

तत्कालिन समय २००८-०४-२२ देखि हालसम्म निरन्तर प्रकाशित यस आवधिक प्रकाशनलाई पत्रपत्रिका रूपमा राख्न नमिले पनि यसमा नेपाल सरकारका सूचना तथा जानकारीहरू नियमित रूपमा प्रकाशित हुन्छ। खण्ड१ संख्या १का रूपमा पहिलो छापिदा यसले गजेटमा प्रकाशित हुने विषयवस्तुहरूका वारेमा जानकारी दिएको छ। त्यसपछि यसले पहिलोपटक नेपाल सार्वजनिक सुरक्षा ऐन २००७ प्रकाशित गरेको छ।

[27] अङ्क २ मा प्रकाशक नारायणप्रसाद वाँस्कोटा, बागमतीपुल टोल, ललितपुर, काठमाण्डू, नेपाल लेखिएको छ भने मुद्रक, नरेन्द्र यन्त्रालय, दूधविनायक लेखिएको छ।

## 59. प्रतिभा

- सम्पादिका: श्रीमती कुन्तीदेवी
- प्रकाशक: अ. ने. म. सं. असन, काठमाडौं
- मिति: भाद्र ९, २००९
- साइज: २० x १७ सेमी
- मुद्रक: अन्नपूर्ण प्रेस असन

वर्ष १, संख्या १ (भाद्र ९, २००९) देखि वर्ष १, संख्या १२ ( भाद्र २०१०) सम्म प्रकाशित यस पत्रिका प्रकाशनको उद्देश्यका वारेमा यस्तो लेखिएको छ।

*सम्पूर्ण नेपाली महिलाहरूको सुषुप्त चेतना शक्तिलाई जागृत गर्ने र तिनमा योग्य शिक्षाको प्रचार गर्ने।*
नेपाल महिला संघ र अखिले नेपाल महिला संघका समाचारहरू पनि समावेश गरि प्रकाशित यस पत्रिकामा रमेश विकल, लेखनाथ, फणिन्द्रराज खेताला, भरतराज पन्त, भीमनिधि तिवारी, लख्खीदेवी सुन्दास आदिका लेख-रचना सामग्रीहरू पनि रहेका छन्।

## 60. सैनिक समाचार

- साइज: ३० सेमी
- प्रकाशक: आर्मड फोर्सिस इन्फर्मेशन अफिसर, प्रतिरक्षा, विभाग
- मूल्य: ५ अना
- प्रकाशन स्थान: नयाँ दिल्ली,
- प्रकाशक: आर्म्ड फोर्सिज ईन्फार्मेशन अफिसर, प्रतिरक्षा विभाग, दिल्ली

सैनिक समाचार १९०९ मा स्थापित भएको फौजी अखबारको विलयीकरण पश्चात् सन् १९५३ मा प्रकाशित भएको छ (अर्थात् १९०९ मा फौजी अखवार प्रकाशित हुन्थ्यो र यो त्यसैको निरन्तरता हो)। गोर्खा पल्टन र रेजीमेन्टका समाचार, नेपाल भित्रका समाचार, फोटो समाचार तथा फिचर, सैनिक गतिविधिका समाचारहरू यस पत्रिकाको प्राथमिकतामा परेका छन्। वर्ष ३ किरण २३मा "गोरखाली, हिन्दी, अंग्रेजी, रोमन-हिन्दुस्तानी, उर्दु, पंजाबी, तामिल, तेलगु औ मराठीमा प्रकाशित हुँदैछ" भन्ने जानकारी दिइएको छ।
"जनप्रिय श्री ५ महेन्द्र" शीर्षकमा श्री अनिरूद्रप्रसाद सिंह (कानून तथा संसदीय प्रबन्ध मन्त्रीको)को लेख पनि समावेश छ भने ईश्वर बराल, धर्मरत्न यमी, शिव कु. राई, चन्द्र प्र नेपाली, सिद्धीचरणको कविता तथा गोकुल प्र. जोशीका लेख-रचनाहरू पनि समावेश छन्। ईन्द्र ब. राईको "पूर्वी नेपालका धिमालहरू" लेख पनि यसमा समावेश छ। यसका अतिरिक्त पत्रिकाले व्यापक रूपमा फोटोग्राफहरूको प्रयोग गरेको छ। फोटो फिचरहरू तथा खासगरी नेपालका राजा वा राजपरिवारसँग सम्बन्धित फोटो तथा समाचारहरू पनि निरन्तर रूपमा प्रकाशित भएको देख्न सकिन्छ।

## 61. नेपाल प्रजा परिषद बुलेटिन

- मुद्रक: "पशुपति छापाखाना" नेपालबाट प्रकाशित
- मिति: २००८ भाद्र १
- प्रकाशक: नेपाल प्रजापरिषद, प्रचार विभाग भुरूङ्खेलबाट प्रकाशित
- साइज: ३७X २४
- मूल्य: ४ पैसा
- मपुपु माइक्रोफिल्म नं.: ७५/१
- एक्सपोजर संख्या: ३३



Draft

समाचारमूलक यस बुलेटिनले नेपाल प्रजापरिषदसँग सम्बन्धित समाचारलाई प्राथमिकताका साथ प्रकाशन गरे पनि देशमा भइरहेका अन्य राजनीतिक कृयाकलापहरूका बारेमा पनि समाचारमूलक सामग्रीहरूलाई समेटेको छ।

## 62. जाग्रत गोर्खा

- सम्पादक: आनन्द सिंह थापा, वीर सिंह भण्डारी, नरेन्द्र सिंह राना
- पत्रिकाको नाम: जागृत गोर्खा (नेपाली त्रैमासिक)
- मुद्रण: "जागृत गोर्खा" कार्यालय, गढिकैन्ट, देहरादूनका निमित्त श्री आनन्द सिंह थापाद्वारा प्रकाशित र श्री सरदार जसवन्त सिंह जीद्वारा उत्तराखण्ड प्रेस, देहरादूनमा प्रकाशित
- मिति: सन् १९५५
- साइज: ३६x२३ सेमी।
- मपुपु माइक्रोफिल्म नं: त्र. ७५/१
- एक्सपोजर संख्या: १३३

सन् १९५५ अगस्त (वर्ष १ अङ्क १) मा प्रकाशित यस त्रैमासिकले कविता, कथा, संस्मरण, भाषा, धर्म, समाचार तथा पुस्तक परिचय जस्ता विधालाई समेटेको छ।

वर्ष १ अङ्क १ मा वदरीनाथ भट्टराई, शशिकला शर्मा, गोपाल चन्द्र गौतम, नरबहादुर दाहाल, भीमनिधि तिवारी, गोकुल प्र. जोशी, रामकृष्ण शर्मा, कलानाथ अधिकारी, कुलमणि देवकोटा, डाकेन्द्र मोक्तान आदिका सामग्रीहरू देख्न सकिन्छ भने वर्ष १ अङ्क ३मा भीमनिधि तिवारी, लख्खीदेवी सुन्दास, हर्कजङ्ग क्षेत्री, चित्तरंजन नेपाली, कोशराज रेग्मी, लोकेश चन्द्र प्रधान, कृष्ण प्रसाद पराजुली, वटुक चन्द्र गौतम, रामराज पन्त, तारानाथ शर्मा, राहुल सांस्कृत्यायन (अनुवादित), कमला सांस्कृत्यायन, बालचन्द्र शर्मा, रुद्रराज पाँडेका लेख रचनाहरू देख्न पाइन्छ। पत्रिकामा शारदा, स्वतन्त्र नेपाली, गोर्खा संसार, भारती, हाम्रो नेपाल जस्ता पत्रपत्रिकाहरूको विज्ञापन देख्न सकिन्छ।

## 63. जागृति

- प्रधान सम्पादक: शारदा प्रसाद उपाध्याय
- कार्यकारिणी सम्पादक: लव बहादुर 'काफ्ले
- सह सम्पादक: पुष्करप्रसाद शर्मा "नवीन"
- प्रकाशक: नेपाल सरकार शिक्षा मन्त्रालयबाट प्रकाशित मासिक पत्र
- प्रकाशन मिति: २००९ असाढ (वर्ष १ अङ्क १ २००९ देखि वर्ष १ अङ्क ९ २०१० असोजसम्म)
- मुद्रित: श्री वागीश्वरी छापाखाना, काठमाडौं
- साइज: ३५x२३ सेमी,
- मपुपु माइक्रोफिल्म नं: त्र.७५/१
- एक्सपोजर संख्या: २८८

यस पत्रिकाले पुस्तक समीक्षालाई विशेष प्राथमिकता दिएको छ। वर्ष १ अङ्क १० मा ५ वटा पुस्तक तथा पत्रपत्रिकाको समीक्षा दिइएको छ भने यस्तै संख्यामा अन्य अङ्कहरूमा पनि समीक्षा भेटिन्छ। कथा, विज्ञान, अर्थशास्त्र (कौटिल्य), दर्शन, कविता आदि सामग्री समेटेर प्रकाशित हुने यस पत्रिकामा माधवलाल कर्माचार्य, गजेन्द्र बहादुर प्रधानाङ्ग, जनार्दन सम, वसन्त कु. शर्मा, नृष ब.



Draft

स्वांर, नीर विक्रम प्यासी, गोविन्द वियोगी, रामकृष्ण मिश्र, कुलमणि देवकोटा, वदरीनाथ शर्मा, धर्मराज थापा, बालकृष्ण पोखरेल, रामसिंह ठकुरी, नीर विक्रम प्यासी, तेजकेशरी शर्मा, केशवलाल कर्माचार्य आदिका लेख-रचनाहरू प्रकाशित भएको देखिन्छ।

## 64. जन साहित्य (द्वैमासिक)

- सम्पादक मण्डल: पुष्कर शमशेर, यादव प्रसाद पंत, पोषणप्रसाद पाण्डे, गोविन्दप्रसाद लोहनी, कृष्ण चन्द्रसिंह प्रधान, रमादेवी पन्त
- प्रकाशक: नेपाल जनसाहित्य संघ
- मुद्रक: हिम-हारती-प्रेस काठमाडौं
- साइज: ३६x२३.५ सेमी
- प्रकाशन मिति: २०११ माघ, फागुन
- मपुपु माइक्रोफिल्म नं: त्र. ७५/१
- एक्सपोजर संख्या: ९७

भुवनेश्वर, पोषण प्रसाद पाण्डे, दौलत विक्रम विष्टका कथा तथा भिक्षु, मोहन हिमांश थापा, नित्यानाथ रेग्मी, प्रदीप रिमालका कविता, यदुनाथ खनाल तथा गोपाल पांडेका रचनाहरू समावेश छन्।

## 65. जनताको बुलेटिन

- प्रकाशक: जे.पी. प्रधान र जे.बी. प्रधान
- प्रकाशन स्थान: काठमाडौं
- साइज: ३८ x २४ सेमी
- प्रकाशन मिति: २००८ भाद्र
- मुद्रक: जोर गणेश प्रेस
- मूल्य: एकप्रतिको ३ पैसा
- मपुपु माइक्रोफिल्म नं: त्र ७६/३
- एक्सपोजर संख्या: २०

## 66. जनमित्र (मासिक पत्र)

- सम्पादक: डि. केशर बहादुर
- प्रबन्धक: निरञ्जन प्रसाद
- साइज: ३६X २४ सेमी
- मपुपु माइक्रोफिल्म न: त्र. ७६/३
- एक्सपोजर संख्या: ३२
- मिति: २००८ वैसाख- जेष्ठ

यो मजदुर तथा कर्मचारीहरूका समाचार तथा सामग्रीहरूलाई विशेष प्राथमिकता दिएको देखिन्छ। यसको वर्ष १ अङ्क २ र ३ (संयुक्त अङ्क) मात्र मदन पुरस्कार पुस्तकालयमा रहेको देखिन्छ। वर्ष १ अङ्क २-३मा मई दिवसको विषयमा विशेष सामग्रीहरू दिइएको छ भने लक्ष्मी प्रसादको कविता (पुकार) तथा धर्मरत्न यमिको लेख पनि समावेश छ।

Draft

## 67. आव्हान

- सम्पादक: विनयलाल गुरूआचार्य (त्रि-चन्द्र कलेज विद्यार्थी पुनर्मिलन साहित्य संकलन)
- प्रकाशन मित: २००९ पौष
- साइज: ३६x२४ सेमी
- मुद्रक: जोरगणेश प्रेस (२०१२ पौष २३गतेको), नेपाल टुडे प्रेस पाकोबाट पनि
- प्रकाशन मिति: २००९ पौष १३

अङ्ग्रेजी भाषाका सामग्रीहरूका लागि “CALL” अन्तर्गत छुट्टै सामग्रीहरू दिइएको छ (वर्ष १, अङ्क २-३मा)। त्रिचन्द्र कलेजको मुखपत्रका रूपमा प्रकाशित पत्रिकाको सम्पादकमा केशवलाल कर्माचार्य र शरदचन्द्र शर्मा छन् भने प्रकाशक – त्रिचन्त्र कालेज छात्र युनियन काठमाण्डु रहेको छ।

## 68. इन्द्रधनु

- प्रकाशन मिति: २००८ वैशाखमा प्रकाशित
- सञ्चालक: शान्तिनिकुञ्ज विद्यालयबाट प्रकाशित
- मुद्रक: जयवागीश्वरी छापाखाना
- साइज: २३x१७ सेमी
- मपुपु माइक्रोफिल्म नं: त्र. ७६/३
- एक्सपोजर संख्या: २४

निकुञ्ज शिक्षक मण्डलको मुखपत्र उल्लेख छ।

## 69. महिला

- सम्पादिका: कुमारी कामाक्षी, कुमारी साधना प्रधान
- सहायक सम्पादिका: कुमारी शीलवन्ती शाह, कुमारी धुकरी, कुमारी प्रमीला
- मुद्रक: अन्नपुर्ण प्रेस, असन
- प्रकाशक: नेपाल महिला संघ
- प्रकाशन मिति: २००८ जेष्ठ (वर्ष १ अङ्क मात्र उपलब्ध)
- साइज: ३६x२४ सेमी
- मपपु माइक्रोफिल्म नं: त्र. ७९/१
- एक्सपोजर संख्या: २६

## 70. झन्कार

- प्रधान सम्पादक: तारिणीप्रसाद कोइराला
- प्रकाशक: रेडियो नेपाल
- सम्पादक: जनार्दन सम
- सह-सम्पादक: श्यामदास वैष्णव
- साइज: ३४x२२ सेमी
- मुद्रक: गोरखापत्र छापाखानाबाट मुद्रित
- मिति: २००८ आश्विन १ (वर्ष १ देखि अंक १ देखि १३ अंकसम्म)
- मपपु माइक्रोफिल्म नं: त्र. ७९/१
- एक्सपोजर संख्या २४३



Draft

रेडियो नेपालद्वारा प्रकाशित मनोरञ्जनात्मक झन्कार (सचित्र पत्रिका)मा माधव घिमिरे, माधवलाल, भेषराज, तारिणीप्रसाद, दुर्गाबहादुर, नबीन गोविन्द वैद्य, कृष्णप्रसाद चापागाउीका सामग्रीहरू देखिन्छन्। यसले नेपाल रेडियोबाट प्रसारित कार्यक्रम विवरणहरू दिएको छ।

निम्नानुसारको अङ्कमा नेपाल रेडियो कार्यक्रमहरू दिएको भेटिन्छ।
२००८ पौष १६ गते सोमबार देखि २००८ पौष ३० सोम सम्मको नेपाल रेडियो कार्यक्रम विवरण ( विणा १ कम्पन ८)
२००८ पौष १ गते देखि २००८ पौष १५ सम्मको नेपाल रेडियो कार्यक्रम विवरण (विणा १ कम्पन ७)
२००८ मार्ग १६ गते देखि २००८ मार्ग ३० सम्मको नेपाल रेडियो कार्यक्रम विवरण (विणा १ कम्पन ६)
२००८ मार्ग १ गते देखि २००८ मार्ग १५ सम्मको नेपाल रेडियो कार्यक्रम विवरण (विणा १ कम्पन ५)
२००८ कार्तिक १६ गते देखि २००८ कार्तिक २९ सम्मको नेपाल रेडियो कार्यक्रम विवरण (विणा १ कम्पन ४)
२००८ कार्तिक १ गते देखि २००८ मार्ग १५ सम्मको नेपाल रेडियो कार्यक्रम विवरण (विणा १ कम्पन ३)
२००८ आश्विन १६ गते देखि २००८ कार्तिक ३१ सम्मको नेपाल रेडियो कार्यक्रम विवरण (विणा १ कम्पन २)
२००८ आश्विन १ गते देखि २००८ आश्विन १५ सम्मको नेपाल रेडियो कार्यक्रम विवरण (विणा १ कम्पन १)

## 71. भारत समाचार (मासिक)

- प्रकाशक: भारतीय दुतावास
- मुद्रक: विजय प्रिन्टिङ प्रेस, पुतलीसडक, अर्को अङ्कको भने मुख पृष्ठ जोर गणेश प्रेश र अन्य कुरा कमन एलाइन्स प्रेसमा।
- साइज: ४४x२७ सेमी
- स्थान: विराटनगरबाट प्रकाशित
- मपुपु माइक्रोफिल्म नं: त्र. ७८/१

भारतका विविध सांस्कृतिक, साहित्यिक तथा विकाससँग सम्बन्धित समाचार तथा सामग्रीहरूलाई समेटेको छ।

## 72. दीयो (मासिक पत्रिका)

- साइज: २१×१३ सेमी
- प्रकाशन, मुद्रित: मिरिक प्रौढ शिक्षा केन्द्रद्वारा मुद्रित र प्रकाशित
- सम्पादक: जगपाल सुब्बा, एच. बी. थापा र जोनाथान थापा
- मुद्रक: डब्लु एम पि एल प्रेस, मिरिक
- प्रकाशन शुरू: सन् १९५६
- मुल्य: एकप्रतिको १० नँया पैसा, वर्षेनी एक रूपैँया

यो पत्रिका एक कोलममा ठुलो अक्षरमा प्रकाशित छ। त्यसो त यसभित्र सानो अक्षरहरूको प्रयोग पनि भएको देखिन्छ। वर्ष ४, किरण १ देखि यसले आफ्नो पत्रिकाको कागजको गुणस्तर र छपाइमा पनि सुधार गरेको देखिन्छ । यो अंकदेखि यो पत्रिकाले आफ्नो बाहिरी पृष्ठमा केही मोटो रंगिन कागजको प्रयोग गरेको देखिन्छ र यस अङ्कदेखि (वर्ष ४, किरण १, अप्रिल १९५९) यसले आफ्नो मूल्य[28] पनि प्रकाशित गरेको छ। वर्ष ७ देखि यसले आफ्नो बाहिरी पृष्ठमा दुई रंगको प्रयोग गर्न थालेको छ भने कतिपय भित्री पृष्ठहरू समेत रंगिन प्रकाशित गरेको छ (वर्ष ७, किरण २, अप्रिल १९६२)।

[२८] यो अंकभन्दा पहिला यसले पत्रिकाको मुल्य प्रकाशित गरेको थिएन र यो नि:शुल्क वितरण गरिन्थ्यो।

### 73. जनमत (साप्ताहिक)

- सम्पादक तथा प्रकाशक: श्यामप्रसाद
- प्रकाशन मिति: २०१०
- स्थान दरभंगा, भारत

### 74. प्रवासी नेपाली (पाक्षिक)

- सम्पादक/प्रकाशक: कमल कुमार थापा
- प्रकाशन मिति: सन् १९५१
- प्रकाशन स्थान: कालिम्पोङ्ग,भारत

### 75. हिमाल किशोर (मासिक)

- सम्पादिका: देवकुमारी सिन्हा
- प्रकाशन मिति: सन् १९५१
- स्थान: दार्जीलिङ

### 76. उज्यालो (वार्षिक)

- सम्पादक: त्रिलोक सिंह थापा
- प्रकाशक: गोर्खा विद्यार्थी संगठन
- मिति: सन् १९५२ (वर्ष १ अंक १ देखि वर्ष ३ अंक ३ सम्म मात्र उपलब्ध)
- स्थान: भाग्सु, भारत
- मपुपु माइक्रोफिल्म नं: त्र. ९६/३
- एक्सपोजर संख्या: ४९

### 77. साथी (पाक्षिक)

- सम्पादक: मायादेवी क्षेत्री
- प्रकाशक: दार्जीलिङ जिल्ला कांग्रेस कमिटी
- मिति: १९५२सेप्टेम्बर
- स्थान: दार्जीलिङ

### 78. अग्रदूत (पाक्षिक)

- सम्पादक: आनन्दप्रसाद पाठक



Draft

- प्रकाशक: अग्रदूत कार्यालय
- मिति: सन् १९५३
- स्थान: दार्जीलिङ
- मपुपु माइक्रोफिल्म नं: त्र. ८३/१
- एक्सपोजर संख्या: ३०

मदन पुरस्कार पुस्तकालयमा वर्ष २ अङ्क १६ (जनवर १९५५) देखि वर्ष ६ अङ्क ५,६ (२० जुलाई १९५८) सम्म मात्र उपलब्ध छ।

### 79. सोपान (पाक्षिक)

- सम्पादक: कृष्णचन्द्र देवकोटा
- मिति: सन् १९५४ सेप्टेम्वर
- स्थान: वनारस

### 80. क्रान्तिकारी (साप्ताहिक)

- सम्पादक: ज्ञानरत्न वज्राचार्य
- प्रकाशक: समाजवादी नेपाली
- मिति: सन् १९५४
- स्थान: मुजफरपुर, भारत

### 81. डुवर्स वाणी

- सम्पादक/प्रकाशक: तारानारायण श्रेष्ठ
- प्रकाशन मिति: सन् १९५५
- स्थान: जलपाइगुडी, भारत

### 82. छोरी (त्रैमासिक)

- संपादक मण्डल: भानुभक्त अध्ययन मण्डली
- मिति: सन् १९५६
- स्थान: कलकत्ता

लिथो छपाई प्रविधीको प्रयोग।

### 83. ऐना (साप्ताहिक)

- सम्पादक: महानन्द सुव्वा
- प्रकाशक: आशालक्ष्मी प्रेस
- मिति: १९५६ नोभेम्बर
- स्थान: दार्जीलिङ



Draft

84. सन्देश (अर्ध.सा.)

- सम्पादक: गणेशलाल मानन्धर
- प्रकाशक: नेपाली कांग्रेस
- मिति: २००८
- स्थान: काठमाण्डू

85. नेपाल युवक संघ वुलेटिन

- प्रकाशक: नेपाल युवक संघ प्रचार विभाग
- मिति: २००८ चैत
- स्थान: काठमाण्डू

86. रूपरेखा (मासिक)

- सम्पादक: वासुदेव रिसाल
- प्रकाशक: राष्ट्रिय पुस्तकालय
- मिति: २००९
- स्थान: काठमाण्डू
- माइक्रोफिल्म नं: त्र. ५७/१-१३
- एक्सपोजर संख्या: ८५६२

वर्ष १, अङ्क १ (अषाढ २०१७) देखि वर्ष १९ संख्या ०६ (कार्तिक २०३५)सम्म प्रकाशित यस पत्रिका २०१७ सालपछाडि द्वैमासिक बनेको छ।

87. आलोक (साप्ताहिक)

- सम्पादक/प्रकाशक: चित्तरञ्जन नेपाली
- मिति: २०१०
- स्थान: काठमाण्डू

88. राष्ट्रिय प्रजा सन्देश (साप्ताहिक)



Draft

- सम्पादक: गोविन्द प्रसाद उपाध्याय
- प्रकाशक: राष्ट्रिय प्रजा पार्टी
- मिति: २०१०
- स्थान: काठमाण्डू

## 89. सुस्केरा (त्रैमासिक)

- सम्पादक: श्री वीरेन्द्र
- प्रकाशक: यंग गोर्खा एसोसिएसन
- मिति: २०१०
- स्थान: दार्जीलिङ
- मपुपु माइक्रोफिल्म नं: त्र ७३/३
- एक्सपोजर संख्या: ७४

वर्ष १ अङ्क १ माघ २०१० देखि वर्ष १ अङ्क२ जेष्ठ २०११सम्मका अङ्कहरू उपलब्ध छन्।

## 90. प्रभात (वार्षिक)

- सम्पादक: शिवप्रसाद उपाध्याय (२०११ वर्ष ६ मा संपादक: लक्ष्मी उपाध्याय र नारद उपाध्याय।)
- प्रकाशक: नेपाली छात्र संघ, तेजपुर
- स्थान: तेजपुर,आसाम
- मपुपु माइक्रोफिल्म नं: त्र ६९/१

वर्ष १ अङ्क १(२०११) देखि वर्ष १० अङ्क १० (२०२३) सम्म उपलब्ध।

## 91. सिनेमा (पाक्षिक)

- सम्पादक: केशवलाल कर्माचार्य
- प्रकाशक: प्रतापबहादुर
- मिति: २०११
- स्थान: काठमाण्डु, जुद्धसडक

## 92. समाज (दैनिक)

- सम्पादक/प्रकाशक: मणिराज शर्मा
- प्रकाशन मिति: २०११ भदौ २५
- स्थान: काठमाण्डू



Draft

## 93. देशसेवा

- सम्पादक/प्रकाशक: अनङ्गकेशरी पौडयाल
- मिति: २०१२
- स्थान: काठमाण्डू

## 94. इन्साफ (साप्ताहिक)

- सम्पादक/प्रकाशक: केदारनाथ शर्मा
- प्रकाशन मिति: २०१३
- स्थान: काठमाण्डू
- मपुपु माइक्रोफिल्म नं: त्र १०९/१
- एक्सपोजर संख्या: १९

वर्ष १ अङ्क १ २०१३ देखि वर्ष १ अङ्क ४ २०१३ सम्म उपलब्ध

## 95. कमल (वार्षिक)

- सम्पादक: अगम सिंह गिरी र कुमार प्रधान
- प्रकाशक: भानुभक्त विद्यालय
- मिति: २०१३
- स्थान: दार्जीलिङ
- मपुपु माइक्रोफिल्म नं: त्र १०३/१
- एक्सपोजर संख्या: ४१

## 96. धरती (मासिक)

- सम्पादक: भवानी भिक्षु
- प्रकाशक: लालमोहर प्रसाद गुप्ता
- मिति: २०१३
- स्थान: काठमाण्डू
- मपुपु माइक्रोफिल्म नं: त्र ११३/१
- एक्सपोजर संख्या: ४१९

वर्ष १ अङ्क १ (२०१३) देखि वर्ष १ अङ्क ११ (२०१७) सम्मका अङ्कहरू उपलब्ध छन्।

- **(यसमा समावेश हुन नसकेका र मदन पुरस्कार पुस्तकालयमा रहेका अन्य पत्रपत्रिकाहरूको अध्ययन गर्ने काम पनि हुँदैछ।)**

Draft